मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक ५० • २०८२ साल पौष २० गते आइतबार • Sunday 04, January 2026 • सूर्योदयः बिहान ०६:५५ बजे • सूर्यास्तः साँझ ५:२४ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## मिथिलामा करदाता सेवा कार्यालयको सेवा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको मिथिला नगरपालिकामा करदाता सेवा कार्यालय सञ्चालन हुने भएको छ । नेपाल सरकारको करदाता सेवा स्थानीय तहबाट दिने निर्णय अनुसार यस पालिकामा करदाता कार्यालय सञ्चालन हुने भएको हो ।
नगर प्रमुख महेन्द्र महतोले मिथिला नगरपालिकामा करदाता सेवा कार्यालय सञ्चालन गर्न नगरपालिका र आन्तरिक राजस्व विभागबीच सम्झौता भएको बताए । उनले मधेश प्रदेशमा स्थानीय तहको कार्यालयबाट आन्तरिक राजस्व सेवा सञ्चालन गर्ने मिथिला नगरपालिका पहिलो स्थानीय तह बनेको दावी गरे । नगर प्रमुख महतोले आउँदो सातादेखि आन्तरिक राजस्व कार्यालय औपचारिक रूपमा सञ्चालनमा आउने बताए । कार्यालय सञ्चालनमा आएपछि यस नगरपालिकाभित्रका व्यवसायी, उद्योगी तथा सरोकारवालाले करसम्बन्धी सेवा सहज र छिटो पाउने उनको भनाइ छ ।

# पर्सागढीको २११ औँ विजय उत्सव



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी नगरपालिकास्थित ऐतिहासिक स्थल पर्सागढीमा शनिबार विजय उत्सव भव्यताका साथ मनाइएको छ । तत्कालीन इष्टइन्डिया कम्पनी, अङ्ग्रेज फौजलाई गोर्खाली फौजले पराजित गरी मुलुकको सार्वभौमिकता जोगाएको ऐतिहासिक युद्धस्थल पर्सागढीमा शनिबार २ सय ११ औँ विजय उत्सव मनाइएको हो । विसं १८७१ पुस १८ र १९ गते गोर्खाली सेनाले ब्रिटिस इष्ट इन्डिया कम्पनीको फौजमाथि विजयी हासिल गरेको ऐतिहासिक जितको स्मरणमा पर्सागढी नगरपालिकाले विशेष कार्यक्रम आयोजना गरेको हो । इतिहासअनुसार विसं १८७१ पुसमा अङ्ग्रेज फौजको नेतृत्व मेजर जनरल मार्ले अन्तर्गतका कप्तान सिब्लीले गरेका थिए भने नेपाली फौजको कमान्ड स्थानीय रञ्जित चौधरीको हातमा थियो । नेपाली कमान्डर चौधरीको बहादुरी र रणनीतिक कौशलताका कारण अंग्रेज फौज भाग्न बाध्य भएको इतिहास छ ।
विजय उत्सवको अवसरमा नेपाली सेनाको श्रीजङ्ग गणले ऐतिहासिक वेशभूषा र ब्यान्डबाजासहित पदयात्रा गरेको थियो । सेनाले विशेष प्रदर्शनीमार्फत वीरताको इतिहासलाई पुनर्जीवित गर्ने प्रयास गरेको प्रमुख सेनानी लोकेन्द्र कार्कीले बताए ।
जिल्लाका प्रायः सबै पालिका र आसपासका जिल्लाका नागरिक अगुवा एवम् सर्वसाधारणको समेत सहभागिता रहेको विजय उत्सव समारोहमा आदिवासी थारु झाँकी तथा नृत्य, छात्रछात्रको मार्चपास, खुकुरी नाच र विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गरिएका थिए ।
उत्सवको उल्लासका बीच ऐतिहासिक क्षेत्रको संरक्षण हुन नसकेकामा सरोकारवालाले गम्भीर चिन्ता व्यक्त गरेका थिए । कुनै समय १ सय ८९ बिघा क्षेत्रफलमा फैलिएको ऐतिहासिक पर्सागढी क्षेत्र अहिले अतिक्रमणका कारण डेढ बिघामा खुम्चिएको पर्सागढी मन्दिर व्यवस्थापन समितिका पूर्वअध्यक्ष वृजमोहन चौधरीले बताए ।
पर्सागढीको मुख्य संरचनासमेत अहिले निजी व्यक्तिको नाममा दर्ता भएको अवस्था छ र अतिक्रमण फिर्ता ल्याउने प्रयास भए पनि सफल हुन नसकेको सरोकारवालाको दुखेसो छ ।
पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले यो युद्धस्थलकै कारण नेपाल स्वतन्त्र राष्ट्र रहन सफल भएको उल्लेख गर्दै यसलाई राष्ट्रिय गौरवको प्रतीकका रूपमा विकास गरिनु पर्ने बताए । अतिक्रमणका कारण व्यवस्थित गर्न कठिनाइ भइरहेको तर यसपटकको उत्सवले सङ्घ र प्रदेश सरकारको ध्यान खिच्ने उनले विश्वास प्रकट गरे ।
हाल यस क्षेत्रमा युद्धको नेतृत्व गर्ने रञ्जित चौधरीका कुलदेवता वन्हरबाबाको मन्दिर र धर्मशाला रहे पनि ऐतिहासिक हतियार सङ्ग्रह गर्ने सङ्ग्रहालयको अभाव खड्किएको छ । स्थानीयले विजय उत्सवलाई केवल औपचारिकतामा सीमित नराखी ऐतिहासिक सम्पत्तिको संरक्षण र सीमा निर्धारण गर्न माग गरेका छन् ।
पर्सागढी विजय उत्सव कार्यक्रमम मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिस पटेलले नेपालको अन्य गढी जस्तै पर्सागढीको महत्व र विशेषता महत्वपूर्ण रहेकोले यसको संरक्षण र प्रवद्र्धनमा तिनै तहको सरकार जुट्नुपर्नेमा जोड दिए । उनले पर्सागढीलाई पर्यटन प्रवद्र्धनको प्रमुख केन्द्र बनाउन प्रदेश सरकारबाट आवश्यक सहयोग गर्न सरकार तयार रहेको समेत प्रतिबद्धता व्यक्त गरे ।
कार्यक्रममा पर्सागढी नगरपालिकाका नगर प्रमुख गोकर्ण पाठकले पर्सागढी हरपुर, जिगना, पचरुखी, बागेश्वरी तिलौना र बागवन्ना गरी ५ वटा गाउँको धरोहर भएको बताए । उनले १८७१ मा अङ्ग्रेज सेना पर्सागढीको सीमानामा आएर विश्राम गरी फस्ट जनवरीमा नयाँ वर्ष

बाँकी पृष्ठ २ मा

# शिक्षाविना मुलुकमा समृद्धि असम्भवः सभामुख



**महेन्द्रनगर ।**
मधेश प्रदेशका सभामुख रामअशिष यादवले शिक्षाविना मुलुकमा समृद्धि पाउन सम्भव नभएकाले शिक्षाको दिगो र प्रभावकारी विकासमा जोड दिन सरोकार भएका सबैलाई आग्रह गरेका छन् ।
शनिबार जनकपुरधामस्थित हिमाली अङ्ग्रेजी बोर्डिङ स्कुलको ३४औँ वार्षिकोत्सव कार्यक्रममा उनले मधेशको शिक्षाको अवस्था अत्यन्त कमजोर रहेकाले सबैको सहकार्य र समन्वयबाट सुधार गर्दै समयसापेक्ष बनाउनुपर्नेमा जोड दिए ।
सभामुख यादवले मधेश प्रदेशको शिक्षामा गुणस्तरीयता कायम गर्न र सबै वर्गका बालबालिकामा पहुँच पु¥याउनका लागि तीनै तहका सरकारले विशेष प्राथमिकता दिनुपर्ने धारणा राखे । उनले प्रदेशको आर्थिक, समाजिक र सांस्कृतिक क्षेत्रको विकासका लागि अनुशासनसहित शिक्षा आवश्यक रहेको उल्लेख गर्दै हरेक अभिभावकले आ–आफ्नो बालबालिकालाई नैतिकवान् र चरित्रवान् बनाउनुपर्ने विचार व्यक्त गरे ।
विद्यालयका संस्थापक रमेश साहले विद्यालायले स्थापना कालदेखि नै गुणस्तरीय शिक्षामा जोड दिएको बताए ।
जनकपुरधाम उपमहानगरपालिका–२३ का वडाअध्यक्ष राघवेन्द्र साह, वरिष्ठ पत्रकार कमल साह, श्रीनरायन साहलगायत वक्ताले शिक्षाको महत्त्वका विषयमा धारणा राखेका थिए ।

# बालेनको बलमा रास्वपाले मधेशमा घण्टी बजाउन सक्ला ?



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै कुलमान घिसिङ संरक्षक रहेको उज्यालो नेपाल पार्टी र काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा एकीकृत भएपछि देशको राजनीति नयाँ तरंगमा प्रवेश गरेको छ । सहरी क्षेत्र र मुख्य राजमार्ग आसपास मात्र होइन, हिमालदेखि तराई–मधेशसम्म अब रास्वपाको प्रभाव कति फैलिन्छ भन्ने चर्चाको विषय बनेको छ । यस घटनाक्रमसँगै परम्परागत राजनीतिक दलहरूले पनि नयाँ चुनौती महसुस गर्न थालेका छन् ।
राजनीतिक वृत्तमा रास्वपाको प्रभाव मुख्यतया ठूला सहर, राजमार्ग आसपासका मझौला सहर र पहाडका केही जिल्लामा बलियो रहेको मानिन्छ ।
तर जेन–जी आन्दोलनपछिको माहोल र कुलमान–बालेनको प्रवेशले रास्वपा पहाडका अन्य जिल्ला र तराई–मधेशका क्षेत्रमा समेत प्रभाव विस्तार गर्न सक्ने संकेत देखिएको छ ।
मधेश प्रदेशमा हालसम्म कमजोर मानिँदै आएको रास्वपाका लागि बालेन फ्याक्टर ‘सञ्जीवनी बुटी’ सावित हुन सक्ने विश्लेषण हुन थालेको छ । बालेन मधेशी समुदायका हुन् । काठमाडौँमै जन्मिएर हुर्किए पनि उनको पुख्र्यौली थलो महोत्तरी हो । यही कारण मधेशमा रास्वपाले समानुपातिक उम्मेदवार छनोटदेखि प्रत्यक्ष निर्वाचनसम्म विशेष ध्यान दिएको देखिन्छ ।
बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार बनाइने चर्चाले पनि मधेशमा रास्वपाको मत आधार विस्तार हुन सक्ने अपेक्षा गरिएको छ ।
रास्वपाले जेन्जी आन्दोलनबाट उदाएका सिरहाका पुरुषोत्तम यादवलाई समानुपातिक उम्मेदवार बनाएको छ । त्यस्तै, पूर्ण छात्रवृत्तिमा एमबीबीएस अध्ययन गरी चिकित्सक बनेका रामजी राम र मानवअधिकारकर्मी मोहना अन्सारी पनि समानुपातिक सूचीमा छन् । यी उम्मेदवारहरूले मधेशमा उल्लेखनीय मत तान्न सक्ने आँकलन गरिएको छ ।
जेन्जी आन्दोलनको नेतृत्व गरेका शिव यादव, पुरुषोत्तम यादव र बब्लु गुप्ता पनि मधेश प्रदेशकै हुन् र तीनै जना रास्वपामा आबद्ध छन् । बब्लु गुप्ता हाल खेलकुद मन्त्री छन् भने शिव यादव सिरहा क्षेत्र नम्बर–२ बाट उम्मेदवारी दिने तयारीमा छन् ।
रास्वपा सभापति रवि लामिछानेले २०७९ को निर्वाचनमा पनि मधेशमा संगठन विस्तारको प्रयास नगरेका भने होइनन् । सामाजिक अभियन्ता मनिष झालाई समानुपातिकबाट सांसद बनाएर मधेशसँग जोडिने प्रयत्न गरियो । २०८० कात्तिकमा महोत्तरीमा पार्टीको विस्तारित बैठकसमेत बस्यो । तर ती प्रयासले अपेक्षित गति लिन सकेनन् ।
मधेशमा रास्वपाको संगठन कमजोर हुनुको एउटा कारण संघीयताप्रतिको पार्टीको स्पष्ट धारणा नआउनु पनि मानिन्छ ।
प्रदेश संरचना पुनर्संरचनाको वकालत गर्दै आएको रास्वपाले मधेश र संघीयताको सम्बन्धबारे स्पष्ट खाका नदिँदा मधेशका नागरिक खुलेर समर्थन गर्न नसकेको बताइँदै आएको छ ।
महोत्तरीमा आयोजित कार्यक्रममा सभापति लामिछानेले भनेका थिए, ‘मधेशलाई अलग राखेर न राजनीति हुन्छ, न त देशको समृद्धि । मधेशका हरेक समस्याविरुद्ध जुधेर त्यहाँको रूपान्तरणमा हामीले नै अगुवाइ गर्नुपर्छ ।’
त्यसैगरी, एक राजनीतिक प्रतिवेदनमा उनले पार्टीभित्र खसआर्य र पुरुष बाहुल्यता रहेको स्वीकार गर्दै समावेशितालाई व्यवहारमा उतार्न नसक्नु रास्वपाको ठूलो कमजोरी भएको बताएका थिए । यो आत्मस्वीकारले नै रास्वपा अझै मधेशसँग पूर्ण रूपमा ‘कनेक्ट’ हुन नसकेको संकेत गर्ने विश्लेषकहरूको तर्क छ ।
रास्वपाले मधेशमा स्पेश बनाउनका लागि बालेनलाई मधेशकै कुनै निर्वाचन क्षेत्रबाट उठाउन सक्ने चर्चा पनि चलिरहेको छ । यद्यपि, काठमाडौंमै हुर्केका बालेन आफूलाई मधेशी पहिचानमा खासै प्रस्तुत नगर्ने आरोप लाग्ने गरेको छ ।

## चिसो लहर (Coldwave) का कारण मानिसमा पर्न सक्ने सम्भावित प्रभावहरू



चिसो लहरले विशेष गरी जेष्ठ नागरिक, बालबालिका, गर्भवती महिला, दीर्घरोगी, गरिब तथा खुला स्थानमा बसोबास गर्ने समुदायमा गम्भीर असर पार्ने गर्दछ । यसका प्रमुख प्रभावहरू निम्न छन्:
- श्वासप्रश्वास सम्बन्धी रोगहरू (निमोनिया, दमको समस्या बढ्नु)
- हृदयघात र उच्च रक्तचापको जोखिम बढ्नु
- हाइपोथर्मिया (शरीरको तापक्रम असामान्य रूपमा घट्नु)
- बालबालिकामा झाडापखाला, रुघाखोकी तथा संक्रमणको जोखिम
- वृद्धवृद्धामा मृत्युदर बढ्नु
- स्वास्थ्य सेवा पहुँच कमजोर भएका क्षेत्रमा समयमै उपचार नपाउँदा जटिलता बढ्नु

यसैले चिसो लहरलाई मौसमी असुविधा मात्र नभई सार्वजनिक स्वास्थ्य आपतकालीन अवस्थाका रूपमा लिनु आवश्यक छ ।

**जिल्ला–प्रदेश तहको भूमिकासहितको समन्वित मन्तव्य**
“आजको यस भर्चुअल बैठकमार्फत चिसो लहरका कारण उत्पन्न स्वास्थ्य जोखिमहरूबारे साझा बुझाइ बनाउने र समन्वित रूपमा अगाडि बढ्ने उद्देश्य राखिएको छ । चिसो लहरले विशेषगरी जोखिम समूहमा गम्भीर असर पारिरहेको सन्दर्भमा हामी सबै तहबाट जिम्मेवार र तत्पर हुन आवश्यक छ ।”

**जिल्ला तहले गर्नुपर्ने कार्यहरू:**
- स्वास्थ्य संस्थाहरूलाई चिसो लहरसम्बन्धी केस व्यवस्थापनका लागि तयारी अवस्थामा राख्ने
- जोखिम समूह पहिचान गरी लक्षित सचेतना कार्यक्रम सञ्चालन गर्ने
- चिसो लहरसम्बन्धी बिरामी, मृत्यु तथा असामान्य घटनाको नियमित रिपोर्टिङ गर्ने
- स्थानीय तहसँग समन्वय गरी न्यानो कपडा, ओढ्ने–बिछ्याउने तथा अस्थायी आश्रयको व्यवस्था गर्न सहजीकरण गर्ने

**प्रदेश तहले गर्नुपर्ने कार्यहरू:**
- जिल्लाबाट प्राप्त अवस्था र मागहरूको विश्लेषण गरी आवश्यक स्रोत व्यवस्थापन गर्ने
- औषधि, आपतकालीन सामग्री तथा प्राविधिक सहयोगको समन्वय गर्ने
- जोखिम जिल्लाहरूमा विशेष निगरानी (surveillance) सुदृढ गर्ने
- संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी नीति, निर्देशन तथा आवश्यक सहयोग सुनिश्चित गर्ने

“यस चिसो लहरको प्रभावलाई न्यूनिकरण गर्न जिल्ला, प्रदेश र संघीय तहबीच प्रभावकारी समन्वय, समयमै सूचना आदान–प्रदान र द्रुत निर्णय अत्यन्त आवश्यक छ । आजको बैठकबाट प्राप्त सुझाव र निर्देशनका आधारमा हामी स्पष्ट कार्ययोजनासहित अगाडि बढ्नेछौं ।”

जनहितमा जारी सन्देश
स्वास्थ्य निर्देशनालय
सपही, मधेश प्रदेश, नेपाल

# बैङ्क तथा वित्तीय संस्थाको बचत र कर्जामा बागमतीको हिस्सा बढी

**काठमाडौ ।**
बैंङ्क तथा वित्तीय संस्थामा रहेको कुल निक्षेप तथा कर्जामा बागमती प्रदेशको अंश सबैभन्दा बढी देखिएको छ ।

नेपाल राष्ट्र बैङ्कले बिहीबार सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८१–८२ को आर्थिक गतिविधि अध्ययन वार्षिक प्रतिवेदनअनुसार २०८२ असार मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६५ दशमलव आठ प्रतिशत र कुल कर्जा प्रवाहमा ५९ दशमलव पाँच प्रतिशत रहेको छ ।

गत आर्थिक वर्ष २०८१–८२ सम्ममा बैङ्क तथा वित्तीय संस्थाले कुल ७२ खर्ब ९५ अर्ब ६९ लाख ३० हजार रुपैयाँ बराबर निक्षेप सङ्कलन गर्दा बागमती प्रदेशबाट मात्र ४७ खर्ब ९७ अर्ब ५९ करोड ८७ लाख रुपैयाँ बराबर निक्षेप उठेको छ ।

यस्तै, कोशीबाट पाँच खर्ब ५३ अर्ब तीन करोड ७९ लाख रुपैयाँ, मधेश प्रदेशबाट चार खर्ब सात अर्ब ७३ करोड ७२ लाख रुपैयाँ, गण्डकीबाट छ खर्ब १२ अर्ब २९ करोड ५७ लाख रुपैयाँ, कर्णालीबाट ९१ अर्ब नौ करोड रुपैयाँ र सुदूरपश्चिमबाट एक खर्ब ७३ अर्ब ८३ करोड रुपैयाँ बराबर निक्षेप सङ्कलन भएको छ ।

यस्तै, गत असार मसान्तसम्म कुल ५५ खर्ब ८६ अर्ब २९ करोड २२ लाख रुपैयाँ बराबरको कर्जा प्रवाह हुँदा बागमती प्रदेशबाट मात्र ३३ खर्ब २३ अर्ब ३१ करोड ६१ लाख रुपैयाँ बराबर ऋण लगानी भएको छ । कोशी प्रदेशबाट छ खर्ब १३ अर्ब ३८ करोड ९६ लाख रुपैयाँ, मधेश प्रदेशबाट चार खर्ब ९५ अर्ब ८६ करोड रुपैयाँ, गण्डकीबाट तीन खर्ब ५६ अर्ब ९२ करोड ५७ लाख रुपैयाँ, लुम्बिनीबाट पाँच खर्ब ७७ अर्ब २७ करोड ६१ लाख रुपैयाँ, कर्णालीबाट ६२ अर्ब १२ करोड रुपैयाँ र सुदूरपश्चिमबाट एक खर्ब ५७ अर्ब ४० करोड ४१ लाख रुपैयाँ बराबर कर्जा प्रवाह भएको छ ।

राष्ट्र बैङ्कका अनुसार २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा बैङ्क तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा शून्य दशमलव ०४ प्रतिशतले घटेर तीन खर्ब ३६ अर्ब ७३ करोड रुपैयाँ पुगेको छ । गत वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी ६१ अर्ब १९ करोड रुपैयाँ कर्जा पशुपालन पशु बधशाला शीर्षकमा र सबैभन्दा कम सुर्तीमा २० करोड ६५ लाख रुपैयाँ प्रवाह भएको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको अंश १६ दशमलव सात, मधेशको १८ दशमलव सात, बागमतीको ३६ दशमलव दुई, गण्डकीको सात दशमलव एक, लुम्बिनीको १५, कर्णालीको एक दशमलव पाँच र सुदूरपश्चिम प्रदेशको चार दशमलव सात प्रतिशत रहेको छ ।

यसैगरी गत असार मसान्तसम्ममा औद्योगिक क्षेत्रमा रु १६ खर्ब ९९ अर्ब ४९ करोड कर्जा प्रवाह भएको छ । कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३० दशमलव ४२ प्रतिशत रहेको छ । औद्योगिक कर्जामध्ये सबैभन्दा बढी गैरखाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३५ दशमलव २७, विद्युत्, ग्यास तथा पानीसम्बन्धी उद्योगमा २६ दशमलव २६, कृषि, वन तथा पेयपदार्थसम्बन्धी उद्योगमा २१ दशमलव ८५, निर्माणसम्बन्धी उद्योगमा ११ दशमलव ७०, धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिकसम्बन्धी उद्योगमा चार दशमलव २३ प्रतिशत र सबैभन्दा कम खानीसम्बन्धी उद्योगमा शून्य दशमलव ६९ प्रतिशत कर्जा प्रवाह भएको छ ।

प्रतिवेदनअनुसार गत असार मसान्तसम्म प्रवाहित औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी १२ खर्ब ८० अर्ब ९७ करोड रुपैयाँ अर्थात् यस शीर्षकमा प्रवाहित वार्षिक कर्जाको ७१ दशमलव तीन प्रतिशत रहेको छ । त्यसपछि कोशीको नौ दशमलव पाँच र लुम्बिनी प्रदेशको आठ दशमलव तीन प्रतिशत रहेको छ । मधेशको सात दशमलव पाँच, गण्डकीको एक दशमलव छ, कर्णालीको शून्य दशमलव दुई र सुदूरपश्चिमको एक दशमलव छ प्रतिशत रहेको छ ।

यस्तै, सेवा क्षेत्रमा गत आवको अन्त्यसम्म कर्जा प्रवाह २१ खर्ब ८४ अर्ब चार करोड रुपैयाँ पुगेको छ । यस अवधिमा बैङ्क तथा वित्तीय संस्थाबाट कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश मात्रै ३९ दशमलव एक प्रतिशत हुन आउँछ । सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा बिक्रेता उपक्षेत्रमा सबैभन्दा बढी ४७ दशमलव तीन प्रतिशत कर्जा प्रवाह भएको छभने 'रियल स्टेट' उपक्षेत्रमा १२ दशमलव दुई, पर्यटन उपक्षेत्रमा ११ दशमलव आठ, वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्रमा ११ दशमलव तीन, शिक्षामा छ दशमलव छ, यातायात, भण्डारण र सञ्चार क्षेत्रमा तीन दशमलव सात, अन्य सेवा उपक्षेत्रमा तीन दशमलव सात प्रतिशत र स्वास्थ्य र अन्य सामाजिक कार्यसम्बन्धी उपक्षेत्रमा तीन दशमलव तीन प्रतिशत कर्जा प्रवाह भएको छ ।

सेवा क्षेत्रअन्तर्गत प्रवाहित कर्जामा बागमती प्रदेशको हिस्सा ५९ दशमलव पाँच प्रतिशत रहेको छ । यस्तै, लुम्बिनीको १० दशमलव तीन, कोशीको १० दशमलव एक र मधेश प्रदेशको नौ प्रतिशत रहेको छ । यस्तै, गण्डकीको छ दशमलव नौ, कर्णालीको एक दशमलव एक र सुदूरपश्चिम प्रदेशको तीन प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । रासस



**हटियामा न्यानो कपडा किन्दै सर्वसाधारणः** चिसो बढेसँगै महोत्तरीको जलेश्वर नगरपालिका वडा नं १ स्थित हटियामा न्यानो कपडा किन्दै सर्वसाधारण । तस्बिरः रासस

# सईको पेस्तोल हराएपछि सबै प्रहरी जनकपुर तानिए

**मधेशदृष्टि**
**बारा ।**
प्रहरीका अधिकृतको साथबाट रहस्यमय रूपमा पेस्तोल हराएपछि मधेश प्रदेश प्रहरीमा तरङ्ग उत्पन्न भएको छ ।

इलाका प्रहरी कार्यालय (इप्रका) कबहीका प्रमुखसमेत रहेका प्रहरी नायब निरीक्षक (सई) सोनुकुमार मिश्रले बोकेको ९ एमएमको प्रहरीकै पेस्तोल हराएको घटनापछि कार्यालयमा कार्यरत सबै प्रहरीलाई प्रदेश प्रहरी कार्यालय जनकपुरमा तानिएको छ । घटना सार्वजनिक हुनासाथ मधेश प्रदेश प्रहरी कार्यालयले सईदेखि कार्यालय सहयोगीसम्म १२ प्रहरी कर्मचारीलाई छानबिन र सोधपुछका लागि जनकपुर झिकाएको हो ।

प्रदेश प्रहरी कार्यालयका अनुसार कबहीमा भने अर्को प्रहरी टोली खटाएर सेवा सञ्चालन भइरहेको छ । पुस ११ गते प्रहरीको पेस्तोल हराएको हो । घटनाको जानकारी पाएलगत्तै मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलियाले एसपी भेषराज रिजालको नेतृत्वमा चार सदस्यीय छानबिन समिति गठन गरेका थिए । पुस १५ गते गठन भएको समितिले घटनास्थलको प्रारम्भिक अध्ययन सम्पन्न गरेपछि थप अनुसन्धानका लागि शुक्रबार सबै प्रहरी कर्मचारीलाई प्रदेश कार्यालयमा उपस्थित गराइएको हो ।

प्रारम्भिक बयानका क्रममा सई मिश्रले राति गस्ती गर्ने क्रममा पेस्तोल हराएको बताएका छन् । तर, उनले ब्यारेकबाटै हतियार हराएको भन्ने अर्को बयान पनि दिएको भन्दै घटनाको विवरण शंकास्पद देखिएको छानबिन समितिले जनाएको छ ।

छानबिन समिति संयोजक एसपी रिजालले सबै प्रहरी कर्मचारीलाई अलग–अलग राखी सोधपुछ र अनुसन्धान शुरु गरिएको जानकारी दिए । उनका अनुसार इप्रकामा रहेका सबै प्रहरी कर्मचारीलाई शुक्रबार दिउँसो प्रदेश प्रहरी कार्यालयमा झिकाइएको छ । सबैसँग बेग्लाबेग्लै अनुसन्धान भइरहेको छ । दोषी देखिएका जोकोहीलाई कानूनी र विभागीय कारबाही गरिने प्रहरीले जनाएको छ ।

ड्युटीक्रममा तस्कर समूहले प्रहरीको हतियार खोसेर लगेको हुनसक्ने आशङ्का पनि छ । सीमा क्षेत्र नजिक भएकाले तस्करी गतिविधि सक्रिय रहने र लुटपाटको सम्भावनालाई समेत ध्यानमा राखेर अनुसन्धान भइरहेको स्रोतको भनाइ छ । यद्यपि, प्रदेश प्रहरीले यस विषयमा आधिकारिक पुष्टि भने गरेको छैन ।

# कांग्रेस महामन्त्रीद्वारा विशेष महाधिवेशनबारे परामर्श

**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले पार्टीको विशेष महाधिवेशनबारे कानून व्यवसायीसँग परामर्श तथा छलफल गरेका छन् ।

उनीहरूले शनिबार वरिष्ठ अधिवक्ताहरूसँग पार्टी केन्द्रीय कार्यालयमा गत असोज २९ गते ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले दर्ता गराएको विशेष महाधिवेशनको प्रस्तावका बारेमा छलफल गरेका हुन् ।

छलफलमा वरिष्ठ अधिवक्ताहरूले नेपालको संविधान, दलसम्बन्धी ऐन र कांग्रेसको विधानमा भएको व्यवस्थाका बारेमा जानकारी गराउनुभएको छलफलमा संलग्न वरिष्ठ अधिवक्ता यदुनाथ खनालले जानकारी दिए । कांग्रेस विधानको धारा १७ (२) मा प्रस्टसँग केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन गरेको तीन महिनाभित्र विशेष केन्द्रीय महाधिवेशन बोलाउन बाध्य र अनिवार्य हुने सुझाएका थिए ।

विशेष महाधिवेशनको प्रस्तावका सम्बन्धमा केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यालय दुवैले विशेष महाधिवेशन बोलाउन पाउने विधानको व्यवस्थाबारे उपस्थित वरिष्ठ अधिवक्ताहरूले आफ्नो धारणा तथा सुझाव दिनुभएको वरिष्ठ अधिवक्ता खनालले जानकारी दिए । छलफलमा नेपाल डेमोक्र्याटिक लयर्स एसोसिएसनका अध्यक्ष, पूर्वअध्यक्षलगायत कांग्रेस निकट मानिने वरिष्ठ कानूनविद्हरू उपस्थित थिए ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको शुक्रबारको बैठकले विशेष महाधिवेशनको प्रस्ताव स्वतः निस्क्रिय भएको ठहरका साथ तालिका संशोधन गर्दै आगामी वैशाख २८ देखि ३१ गतेसम्म काठमाडौँमा पार्टीको १५औँ महाधिवेशनको गर्ने निर्णय गरेको थियो । यसअघि पार्टीको १५औँ महाधिवेशन यही पुस २६ देखि २८ गतेसम्म तोकिएको थियो ।

निर्णयका सम्बन्धमा महामन्त्रीद्वय थापा र शर्मालगायत पाँच जना नेताले फरक मत दर्ज गर्नुभएको थियो । महामन्त्री थापाले असोज २९ गते कांग्रेस केन्द्रीय कार्यालयमा दर्ता भएको विशेष महाधिवेशनसम्बन्धी प्रस्ताव विधानतः लागु गर्न यही पुसभित्र १५औँ महाधिवेशन गरिसक्नुपर्ने बताएका थिए ।

# तराई मधेशमा लागेको हुस्सुले चिसोपन महसुस

**मधेशदृष्टि**
**वीरगंज ।**
तराई–मधेशका धेरै ठाउँमा शनिबार पनि हुस्सु लागेको छ । लगातार हुस्सु र कुहिरो लाग्दै आएको तराई–मधेशका क्षेत्रमा शुक्रबार र बिहीबार दिउँसोपख घाम लागेको थियो । तर शुक्रबार बेलुकापछि फेरि हुस्सुले ढाकेको हो । देशभर नै पश्चिमी वायुको प्रभाव रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

जाडोयाम शुरू भएसँगै चिसो, कुहिरो, हिमपातलगायतका कारण जनस्वास्थ्यमा प्रतिकूल असर पर्न थालेको भन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । त्यसैगरी जाडोयाममा आगो, हिटर तथा गिजर प्रयोग गर्दा सावधानी नअपनाउँदा हरेक वर्ष ज्यान जाने तथा अस्पताल भर्ना हुने घटना हुने गरेको उल्लेख गर्दै मन्त्रालयले विशेष सतर्कता अपनाउन भनेको छ । हावा पास नहुने कोठामा यस्ता उपकरण प्रयोग गर्दा कार्बन मोनोअक्साइड ग्यास जम्मा भई ज्यानसमेत जोखिममा पर्नसक्ने भएकाले आगो तथा तताउने उपकरण खुला र सुरक्षित ठाउँमा मात्र प्रयोग गर्न, सुत्ने बेलामा निभाउन, ज्वलनशील सामग्री टाढा राख्न र गिजर बाथरुमबाहिर जडान गर्न आग्रह गरिएको छ ।

# अग्रज पत्रकार शर्माको निधन

**मधेशदृष्टि**
**रौतहट ।**
वरिष्ठ एवम् अग्रज पत्रकार मोहनप्रसाद शर्माको शुक्रबार राति ८५ वर्षको उमेरमा निधन भएको छ । शर्मा गौर नगरपालिका–५ का निवासी हुन् ।

नेपाल पत्रकार महासंघ रौतहटका सचिव गौतम श्रेष्ठका अनुसार अग्रज पत्रकार शर्माले पत्रकारिता क्षेत्रमा अतुलनीय योगदान दिएका थिए । रौतहटमा पत्रकारिताको आधार बसाल्न शर्माको भूमिका महत्वपूर्ण रहेको नेपाल पत्रकार महासंघ रौतहटका पूर्वअध्यक्ष प्रेमचन्द्र झाले बताए । पूर्वअध्यक्ष झाका अनुसार समाजमा चेतना, सुशासन तथा पारदर्शिता कायम राख्न वरिष्ठ पत्रकार शर्मा क्रियाशील थिए ।

# बेवारिसे शव फेला

**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिका वडा नं. ४ मा बेवारिसे शव फेला परेको छ ।

चन्द्रपुर –४ पूर्व पश्चिम राजमार्गबाट अन्दाजी ४० मिटर दक्षिण भित्री सडक खण्डमा शनिबार बिहान अपरिचित पुरुषको शव फेला परेको हो । नामथर र वतन नखुलेको अन्दाजी ६० वर्षीय जस्तो देखिने पुरुष मृत फेला परेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जानकारी दिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक रुपा लाबुंगले जानकारी दिए ।

# रास्वपा, उनेपा र जेन्जी समूहको पर्सामा छलफल

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाल उज्यालो पार्टी (उनेपा) र जेन्जी युवाबीच केन्द्रमा राजनीतिक सहकार्य र एकताको समझदारी बनेसँगै पर्सामा पनि समन्वय र सहकार्यका लागि पहिलो चरणको छलफल भएको छ ।

छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टी पर्साका सभापति हरि पन्त, उज्यालो नेपाल पार्टी पर्साका संयोजक रामबाबु यादवसहित एमाले परित्याग गरेका वीरगंज महानगरपालिका वडा नं. २० का वडाध्यक्ष रामकिशोर सिंह परागको उपस्थिति थियो ।

कार्यक्रममा वर्तमान राजनीतिक अवस्था, स्थानीयस्तरमा देखिएका चुनौती, आपसी समन्वय तथा सहकार्यका सम्भावनाबारे विचरा विमर्श गरिएको रास्वपा पर्साले जनाएको छ । आगामी कार्ययोजना र निर्वाचन रणनीतिका विषयमा पनि सहभागीहरूबीच छलफल भएको छलफलका समन्वयकर्ता, जेन्जी पर्साका संयोजक विशेष साह र सल्लाहकार राजा गुप्ताले जानकारी दिए ।

# विश्रामपुरमा पाँच वडाबासीलाई पायक शम्शानघाट बन्ने

**मधेशदृष्टि**
**बारा ।**
विश्रामपुर गाउँपालिका वडा नम्बर २ मा शम्शानघाट निर्माण प्रक्रिया शुरु भएको छ ।

वडा अध्यक्ष मनोज यादव र वडा सदस्य मन्जुर मियाको उपस्थितिमा निर्माणस्थलको स्थलगत अवलोकन तथा प्रारम्भिक कार्यक्रम भएको छ । वडा अध्यक्ष यादवका अनुसार करिब एक कठ्ठा क्षेत्रफलको जग्गामा करिब २० लाख रुपैयाँको लगानीमा शम्शानघाट निर्माण हुने छ । निर्माणाधीन शम्शानघाट ४० बाइ ४० फिटको हुनेछ र दुई वटा मृत शरीरलाई एकैसाथ दाहसंस्कार गर्न मिल्ने गरी दुई वटा दाहस्थल (चिता) निर्माण गरिनेछ ।

कार्यक्रममा विश्रामपुर गाउँपालिका अध्यक्ष जुल्फिकार अलि भूटो, वडा अध्यक्ष मनोज यादव, वडा सदस्यहरू तथा समाजसेवी सुरेन्द्र प्रसाद गुप्ताको उपस्थिति थियो । वडा अध्यक्ष यादवले निर्माण कार्य छिट्टै सम्पन्न हुने जानकारी दिए । नवनिर्माण हुने शम्मशानघाट विश्रामपुर गाउँपालिका वडा नम्बर २ का पाँचवटै टोलका बासिन्दाका लागि उपयोगी हुने बताइएको छ । कान्तिपुर बङ्ग्री नदीमा बाँधको पूर्वपट्टि शम्शानघाट निर्माण गरिने जनाइएको छ ।

# शिवपार्वती मन्दिर व्यवस्थापन समितिमा गुप्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १० घडिअर्वास्थित शम्शान घाटमा रहेको शिवपार्वती मन्दिरको व्यवस्थापन समितिको अध्यक्षमा अजय गुप्ता चयन भएका छन् ।

शनिबार बिहान मन्दिर परिसरमा बसेको स्थानीयको भेलाले गुप्ताको अध्यक्षतामा शिवपार्वती मन्दिर व्यवस्थापन समिति तदर्थ समिति सर्वसम्मत रूपमा गठन गरेको हो ।

उपाध्यक्षमा नन्दु साह कानु, सचिवमा बन्टीलाल साह कानु र कोषाध्यक्षमा राकेश साह कानु चयन भएका छन् । साथै, समितिको सल्लाहकारमा वीरगंज–१० का पूर्व वडासदस्य अरबिन्द साह चयन भएका छन् । समितिका सदस्यहरूको मनोनयन अध्यक्ष गुप्ताले गर्ने निर्णय पनि सर्वसम्मत भेलाबाट गरिएको बताइएको छ । नवगठित तदर्थ समितिलाई अबको तीन महिनाभित्र संस्थाको विधान तयार गरी कानूनी मान्यता दिलाउने जिम्मेवारी दिइएको छ ।

# पर्सागढीको २११ औँ विजय ....................

मनाइरहँदा स्थानीय रञ्जित चौधरीको सहयोगमा नेपाली गोर्खाली सेनासँग मिलेर तिलावे र सिघयाई खोलामा बाँधेर ऐतिहासिक रुपमा ब्रिटिस सेनालाई पराजित गरेको स्थान भएको बताए ।

गोर्खाली सेना र गाउँले मिलेर ग्रामीण क्षेत्रमा प्रयोग हुने खुकुरी, भालालगायतका घरेलु हतियारले ब्रिटिस सेनामाथि विजय प्राप्त गरेको ठाउँ भएकाले पुस १९ पर्सागढीबासीका लागि अत्यन्तै महत्वपूर्ण रहेको पर्सागढी महोत्सव आयोजक समितिका संयोजक वृजमोहन चौधरीले बताए ।

विजय उत्सवको अवसरमा पर्सागढी नगरपालिकाको कार्यालय हरपुरदेखि पर्सागढी मन्दिर स्थलसम्म बाजागाजासहित नेपाली सेनाको टोलीले झाँकी प्रदर्शन गरेको थियो । परम्परागत हतियार प्रदर्शन तथा थारु, यादव र मधेशी समुदायको भेषभुषा, परम्परा झल्कने गरी झाँकी प्रदर्शनसँगै नेपाली सेनाको तर्फबाट नेपालीको पहिचानको रुपमा रहेको खुकुरी प्रदर्शन समेत गरिएको थियो ।

विजय उत्सवको अवसरमा आयोजित कार्यक्रममा पर्सागढीका पूर्व नगरप्रमुख लोकनारायण यादव, उपप्रमुख अर्चना चौधरी, नेपाली सेनाको वीरगंज स्थित श्री जंग गणका सेनानी कुशल कार्कीको नेतृत्वमा रहेको नेपाली सेनाको टोलीसहित प्रहरी, सशस्त्र प्रहरी, स्थानीयको सहभागिता थियो ।

# १४ वर्षपछि फरार अभियुक्त पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले वन मुद्दामा फरार रहेका नजिर अन्सारीलाई १४ वर्षपछि पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीको टोलीले विशेष सूचनाको आधारमा उनलाई पक्राउ गरेको हो । पक्राउ पर्ने अन्सारी सखुवाप्रसौनी गाउँपालिका–४, देउरवाना बस्ने ५६ वर्षका व्यक्ति हुन् । उनीमाथि पर्सा जिल्ला अदालतले २०६८ साल असार २० गते वन सम्बन्धी मुद्दामा १७ दिन कैद र २२ हजार ६ सय रुपैयाँ जरिवाना सजाय सुनाएको थियो । फैसलापछि उनी फरार भएका थिए । पक्राउ परेका अन्सारीलाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीको नियन्त्रणमा राखिएको छ ।

# प्रतिनिधि सभा पुनर्स्थापन गरेर सर्वदलीय सरकार मार्फत चुनावमाजानु उपयुक्त हुन्छ–महासेठ




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपाएमालेकाउपमहासचिव रघुवीर महासेठले प्रतिनिधिसभापुनर्स्थापनाहुनुपर्ने अडा फेरी दोहराएका छन् ।
एमाले धनुषाको कार्यसमितिको विस्तारित बैठक तथा एघारौँमहाधिवेशनबाट नवनिर्वाचितपदाधिकारीहरुलाई सम्मानका लागि आयोजित कार्यक्रममा सम्बोधनगर्दैउपमहासचिवमहासेठले गैरसंवैधानिक सरकारले प्रतिनिधिसभा विघटन भएकाले पुनर्स्थापना हुनुपर्ने बताए । जेनजी आन्दोलनको नाममाअसंवैधानिक रुपमाबनेको सरकारले प्रतिनिधिसभा विघटन गर्नु गैरकानुनी रहेको बताए ।यद्यपिआफूहरु चुनावविरोधीवा चुनावबाट डराउने शक्ति नरहेको बताए ।
महासेठले ‘सर्वोच्चबाट होस वाकुनै विधिहोस प्रतिनिधिसभापुनर्स्थापना हुनुपर्छ, अगाडि भने ‘प्रतिनिधिसभापुनर्स्थापनापश्चात संसद भित्रबाटै सर्वदलीय सरकार गठन हुनु पर्छ ।’ सोही सर्वदलीय सरकारले चुनाव गराउनुपर्नेपक्षमाआफूहरु रहेको महासेठले बताए । तर यसको अर्थ यो होइन कि हामी चुनावबाट भाग्छौँ ।
यदि सर्वोच्चबाट प्रतिनिधिसभापुनर्स्थापनानभए हामीचुनावमा जान्छौँ र यसकालागिआन्तरिक रुपमाचुनावको तयारीमालाग्नकार्यकर्ताहरुलाई महासेठले निर्देशन समेत दिए । एक अर्को प्रसंगमामहासेठले गणतन्त्र विरोधीशक्ति, कम्यनुष्टि सरकार नरुचाउने तथानेपालीकांग्रेस एमाले गठबन्धन सरकारको लोकप्रियतानरुचाउने शक्तिहरु जेनजीको नाममागतभदौ २३ र २४ गते विध्वंस मच्चाएको आरोपलगाए ।
कार्यक्रममापूर्व मन्त्रीजुलीमहतोले जेनजीको नाममा गरिएको आन्दोलनमाविदेशीशक्तिहरुको हात रहेको तर्फ इशारा गरिन् ।उनले एमालेको नेतृत्वमा रहेको सरकार विकास तर्फ अग्रसर रहेको अवस्थामाजेनजीआन्दोलनमा नेपाललाई पछाडि धकेल्ने दुश्प्रयास भएको बताइन् ।
कार्यक्रममाएमालेको ११औँमहाधिवेशनमाधनुषा जिल्लाबाट निर्वाचितपदाधिकारीहरुलाई दोसल्लातथा सम्मानपत्रबाट सम्मानित गरिएको थियो ।

# मधेशमा सवारी दुर्घटना बढ्दो

## दुर्घटनामा मृत्यु हुनेमा युवा अत्याधिक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशप्रदेशमा पछिल्ला केहीवर्षयता सवारी दुर्घटनाका घटनाहरू चिन्ताजनक रूपमा बढ्दै गएको छ ।तथ्यांकअनुसार नेपालभर सवारी दुर्घटनाबाट ज्यानगुमाउनेमध्ये करिब २१ प्रतिशतमृत्यु मधेशप्रदेशमै हुने गरेको देखाएको छ ।गम्भीर अवस्थाकाबाबजुद दुर्घटना न्यूनीकरणका लागि गरिएकाप्रयासहरू प्रभावकारी हुननसकेको सरोकारवालाहरूको गुनासो छ । चालु आर्थिक वर्षको मंसिरसम्म देशभर १३ हजार ८८० वटा सवारी दुर्घटना भएका छन् ।ती दुर्घटनामा १हजार ४२ जनाले ज्यानगुमाएका छन् भने हजारौं घाइते भएका छन् ।यसमध्ये मधेशप्रदेशमामात्रै २२० जनाको मृत्यु भएको छ, जसले प्रदेशमा सडक सुरक्षाको अवस्था कति भयावह छ भन्ने स्पष्ट संकेत गर्छ ।




प्रहरी तथ्यांक अनुसार आर्थिक वर्ष ०८१/०८२ को साउनदेखि मंसिरसम्म मधेश प्रदेशमा २ हजार ६७१ वटा दुर्घटना भएका छन् ।ती दुर्घटनामा १९१ जनाको मृत्यु भएको छ भने ४ हजार ५७६ जना घाइते भएका छन् । सोही अवधिमा देशभर ३ हजार ४८४ दुर्घटनामा २२० जनाको मृत्यु र ५ हजार ६८५ जना घाइते भएको देखिन्छ ।
दुर्घटनाका प्रमुख कारणका रूपमा गुणस्तरीय सडकको अभाव, निर्माणमा लापरबाही र भ्रष्टाचार, तीव्र गति, ट्राफिक नियमको बेवास्ता तथा लागुपदार्थ सेवन गरी सवारी चलाउने प्रवृत्तिदेखिएको जानकारहरू बताउँछन् ।यी सबै कारणले मधेशप्रदेशमा दुर्घटनाको जोखिमझनै बढाएको छ ।
प्रहरीको विवरण अनुसार दुर्घटनामा ज्यान गुमाउने मध्ये १७ देखि ३० वर्ष उमेर समूहका युवाहरूको संख्या उल्लेख्य छ । मधेश प्रदेशका आठवटै जिल्लामा भएका दुर्घटनामा युवावर्ग बढी प्रभावित देखिएको तथ्यांकले चिन्ताथपेको छ ।
नेपालप्रहरी राजमार्ग सुरक्षातथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाले महोत्तरीको बर्दिबासमा आयोजित एक कार्यक्रममा सडक दुर्घटनाबाट युवाहरू सबैभन्दा बढी प्रभावितभइरहेको जनाएको छ ।कार्यक्रममा सहभागी स्थानीयवासीतथा सरोकारवालाहरूले युवालाई लक्षित गरी निरन्तर र प्रभावकारी सचेतनाकार्यक्रम सञ्चालनगर्न सके दुर्घटनामा उल्लेखनीयकमील्याउन सकिने धारणा राखेकाथिए ।
मधेशप्रदेशप्रहरी कार्यालय जनकपुरधामकाप्रमुखगोविन्दथपलियाले तीव्र गति, सडकको दुरावस्था र लागुपदार्थ सेवन गरी सवारी चलाउने प्रवृत्तिका कारण दुर्घटना बढ्दै गएको स्वीकार गरेका छन् ।उनकाअनुसार महोत्तरी जिल्लामामात्रै पछिल्लो ६ महिनामा अघिल्लो वर्षको सोहीअवधिको तुलनामा दुर्घटनाको संख्यावृद्धि भएको छ । प्रदेशको समग्र तथ्यांकले १६ देखि ४० वर्ष उमेर समूहकाव्यक्ति दुर्घटनामा बढी घाइते हुने र ज्यान गुमाउने गरेको देखाउँछ । यसले सडक सुरक्षा कार्यक्रमहरू युवा केन्द्रित हुनुपर्ने आवश्यकता औंल्याएको छ ।
सरोकारवालाहरूले दुर्घटना न्यूनीकरणका लागिनियमित र कडाइका साथ सवारी चेकजाँच, मापसे परीक्षणको प्रभावकारी कार्यान्वयन, विद्यालय तथा क्याम्पसमा सडक सुरक्षाकक्षा, सार्वजनिक स्थानमा सचेतनामूलक सामग्री टाँस्ने तथा चालक लक्षित कार्यक्रम विस्तार गर्नुपर्नेमा जोड दिँदै आएका छन् ।

# समानुपातिकमा मधेशबाट एमालेका २० सिफारिस

**मधेशदृष्टि**
**धनुषा ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेकपा एमालेले मधेश प्रदेशबाट समानुपातिकतर्फ २० जनाको नाम बन्दसूचीमा सिफारिस गरेको छ ।
एमालेले निर्वाचन आयोगमा बुझाएको बन्दसूचीअनुसार विभिन्न क्लस्टरबाट मधेश प्रदेशका २० उम्मेदवारको नाम समावेश गरिएको हो । सूचीअनुसार धनुषा जिल्लाबाट उर्मिला देवी पासमान, यशोधा कुमारी यादव, मञ्जु महतो, रेनु शाह, अरविन्द शाह, रामचरित्र शाह र चन्देश्वर यादव सिफारिस भएका छन् ।
त्यस्तै, सप्तरीबाट असरादेवी चौधरी, महोत्तरीबाट अनिल सिंह, सर्लाहीबाट शर्मिला कुमारी यादव र हुरुही नज, पर्साबाट विचारीप्रसाद यादव, बाराबाट एकवाल मिया र अंशु नेपाली तथा रौतहटबाट अनुशू सिंह, बबिता दास र कर्ण सचितानन्द शाहको नाम बन्दसूचीमा परेको छ ।
यसैगरी, सिरहाबाट आशा कुमारी यादव, चन्देश्वर मण्डल र राजेश अग्रवाल सिफारिस भएका छन् ।
बन्दसूची सार्वजनिक भएपछि महोत्तरी, सप्तरी र पर्सा जिल्लालाई पर्याप्त प्राथमिकता नदिइएको भन्दै त्यहाँका नेता तथा कार्यकर्ताले असन्तुष्टि व्यक्त गरेका छन् । उनीहरूका अनुसार मधेश प्रदेशबाट २० जनाको नाम समावेश भए पनि पर्सा, सप्तरी र महोत्तरीबाट एक–एक जनाको नाम मात्र परेको छ । नेता–कार्यकर्ताले धनुषा, सिराहा, रौतहट र सर्लाही जिल्लालाई बढी प्राथमिकता दिइएको बताएका छन् ।

# जेष्ठ नागरिकलाई ५ लाख रुपैयाँको कम्बल

**मधेशदृष्टि**
**वीरगंज ।**
जेष्ठ नागरिक, अपाङ्ग तथा एकल महिलालाई लक्षित गरी पाँच लाख रुपैयाँ बराबरको कम्बल तथा इलेक्ट्रिक जग वितरण कार्यक्रम वीरगंजमा भएको छ । वीरगंज महानगरपालिका वडा नम्बर ९ को सहयोगमा अदया कन्स्ट्रक्सन, बिन्दवासिनी पर्साद्वारा आयोजित कार्यक्रम वडा नम्बर ९ का वडाध्यक्ष जवाहर प्रसाद गुप्ताको अध्यक्षता तथा नेतृत्वमा सम्पन्न भएको हो । आयोजकका अनुसार कार्यक्रममा वडा भित्रका १ सय ६२ जेष्ठ नागरिक, अपाङ्ग तथा एकल महिलालाई कम्बल र इलेक्ट्रिक जग वितरण गरिएको छ । कार्यक्रममा समाजसेवी सतिश सिंह राजपुत, स्थानीय सर्वसाधारण तथा सञ्चारकर्मीको उपस्थिति थियो । कार्यक्रमलाई सम्बोधन गर्दै वडाध्यक्ष गुप्ताले चिसो मौसममा जेष्ठ नागरिक, अपाङ्ग तथा एकल महिला बढी प्रभावित हुने भएकाले उनीहरूलाई राहत पु¥याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।

# कार दुर्घटनामा परी १को मृत्यु, दुई घाइते



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उप–महानगरपालिका वडा नं. १९ जमुनिया स्थित लक्ष्मिनिया–जनकपुर भित्री सडकखण्डमा शनिबार बिहान कार दुर्घटना हुँदाएकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् ।
काठमाडौंबाट जनकपुरधामतर्फ आउँदै गरेको बीआर०१एचडी२६८६ नम्बरको कार बिहानकरिब साढे ६ बजे आफैंअनियन्त्रितभई सडक छेउको नहरमा खसेको प्रहरीले जनाएको छ ।
दुर्घटनामा भारतको बिहार राज्य, पटना बस्ने अन्दाजी७५ वर्षीय विजयप्रकाशगम्भीर घाइते भएकाथिए ।उनलाई उपचारका लागिप्रादेशिकअस्पताल, जनकपुरधामलगिएकोमाचिकित्सकले उनलाई मृत घोषणा गरेको थियो ।
दुर्घटनामा कार चालकअजयप्रकाश र उनकीश्रीमतीरस्मीप्रकाश घाइते भएका छन् ।उनीहरूको शरीरका विभिन्नभागमा चोट लागेको छ । दुर्घटनापछि स्थानीयबासिन्दाहरूले तत्परतादेखाउँदै घाइतेहरूलाई तत्काल उद्धार गरी उपचारका लागिनजिकको स्वास्थ्य संस्थामा पठाएका थिए । घाइतेहरूको अवस्था सामान्यदेखि मध्यम रहेको बताइएको छ भने थपउपचारका लागिअन्यत्र रिफर गरिएको छ ।

# असहाय ज्येष्ठ नागरिक र एकल महिलालाई सिरक

**सिरहा ।**
लहान नगरपालिकाले चिसो मौसमलाई मध्यनजर गर्दै ४५ जना असहाय ज्येष्ठ नागरिक तथा एकल महिलालाई फाइबर सिरक वितरण गरेको छ ।
स्नेह वृद्धाश्रम लहानको सहजीकरणमा आयोजित कार्यक्रममा नगरप्रमुख महेशप्रसाद चौधरीले सिरक वितरण गरे ।
नगरप्रमुख चौधरीले भने, ‘चिसोका कारण कुनै पनि ज्येष्ठ नागरिक कष्टमा नपरुन् भन्ने उद्देश्यले नगरपालिकाले सिरक वितरणलाई निरन्तरता दिँदै आएको छ ।
असहाय र विपन्न वर्गको संरक्षण हाम्रो प्राथमिकता हो ।’ उनका अनुसार यसअघि पनि दलित बस्ती तथा विपन्न समुदायमा सयौँ थान फाइबर सिरक वितरण गरिसकिएको छ ।
वितरण कार्यक्रममा स्नेह वृद्धाआश्रमकी अध्यक्ष रीता महतो, सचिव अशोक महतोलगायतको उपस्थिति थियो । अध्यक्ष महतोले लहान नगरपालिकाका २४ वटै वडाबाट छनोट गरिएका असहाय ज्येष्ठ नागरिकको पहिचान गरी सिरक वितरणका लागि सहजीकरण गरिएको जानकारी दिए ।
साथै उनले केही महिनाभित्रै लहान–१० मा वृद्धाश्रम सञ्चालन गर्ने तयारी भइरहेको पनि जानकारी दिए ।

# साफीलाई सारडाले मासिक १० हजार दिने

**मधेशदृष्टि**
**सिरहा ।**
पूर्ण छात्रवृतिमा एमबीबीएस पढ्न नाम निकालेका कमजोर आर्थिक अवस्था भएका बरियारपट्टी गाउँपालिका २ सिरिपुरका सत्यनारायण साफीलाई व्यसायी विकास सारडाले प्रत्येक महिना १० हजार रुपैयाँ सहयोग उपलब्ध गराउने भएका छन् । जिल्ला उद्योग वाणिज्य संघ लहान–सिरहाका अध्यक्षसमेत रहेका व्यसायी सारडाले जन्मदिनको अवसर पारेर साफीलाई नितान्त पढाईमा खर्चगर्ने गरी एबीबीएस पढाई पुरागर्दा सम्मका लागि मासिक १० हजार रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएको हो । उनले साफीको घरमै गएर पढाइमा सहयोग गर्ने जनाउँदै उनले बीचमै पढाइ छाडेमा वा नपढेमा सहयोग गर्न बाध्य नहुने सम्झौता समेत गरेका छन् ।

# गृहलक्ष्मी सहकारीको साधारण सभामा वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औँ वार्षिक साधारण सभाको अवसरमा वृक्षारोपण कार्यक्रम भएको छ । वीरगंज महानगरपालिका–१०, अशोक बाटिकामा आयोजित कार्यक्रममा करिब ७० प्रजातिका विभिन्न बिरुवा रोपिएको छ । वडा नम्बर १० का वडाध्यक्ष सुशील शाह कानुको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रम सहकारी संस्थाका अध्यक्ष अशोक राउत अहिरको अध्यक्षतामा भएको हो ।
कार्यक्रममा सहकारी संस्थाका निर्देशक उमेश शाह तुराहा, प्रबन्धक रवि भूषण श्रीवास्तव, उपाध्यक्ष जुवेर अन्सारी तथा सदस्यहरू हरिओम जैसी, सुखी साह, श्यामसुन्दर शर्मा लगायतको सहभागिता रहेको थियो ।
साथै स्थानीय बासिन्दाको पनि उल्लेखनीय उपस्थिति थियो । वृक्षारोपण कार्यक्रममार्फत वातावरण संरक्षणमा योगदान पु¥याउने उद्देश्य रहेको सहकारीका प्रबन्धक रवि भूषण श्रीवास्तवले जानकारी दिए ।
उनले सहकारी संस्थाले आर्थिक गतिविधिसँगै सामाजिक तथा वातावरणीय उत्तरदायित्वलाई समेत प्राथमिकतामा राख्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए । स्थानीयवासीले सहकारी संस्थाको पहलको स्वागत गर्दै वातावरण संरक्षण सबैको साझा दायित्व भएको बताएका छन् ।

# जनकपुर साहित्य महोत्सव अन्तर्गत अन्तर विद्यालय प्रतियोगिता आज हुने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको साहित्य, संस्कृति र सिर्जनशीलताको धरातललाई थप सुदृढ बनाउने उद्देश्यका साथ सातौँ जनकपुर साहित्यमहोत्सवअन्तर्गत अन्तरविद्यालयप्रतियोगिताको उद्घाटन समारोह आजआयोजनाहुने भएको छ ।नवमिथिला फाउन्डेसनको आयोजनामाहुनलागेको कार्यक्रममाबालबालिकातथायुवामानिहितप्रतिभापहिचान र प्रवद्र्धनलाई विशेष प्राथमिकतादिइएको आयोजकले जनाएको छ । ‘धरातल, संस्कृतिर संस्कारको उत्सव’भन्ने मूल नारासहित सञ्चालनहुने अन्तरविद्यालयप्रतियोगितामिथिला नाट्यकला परिषद (मिनाप),




जनकपुरधाममाबिहान १०: ३० बजेदेखि सुरु हुनेछ । उद्घाटन समारोहमा साहित्य, कला, संस्कृति र शिक्षाक्षेत्रका विशिष्ट व्यक्तित्वहरूको गरिमामयउपस्थिति रहने आयोजकले जानकारी दिएको छ । अन्तरविद्यालय प्रतियोगिता अन्तर्गत वक्तृत्वकला, कविताबाचन, कथावाचन र चित्रकलाविधामा विद्यालयस्तरका विद्यार्थीबीचप्रतिस्पर्धा गराइनेछ ।यीविधामार्फत विद्यार्थीहरूको सिर्जनशीलता, अभिव्यक्तिक्षमता र आत्मविश्वास अभिवृद्धि गर्नेलक्ष्य रहेको नवमिथिला फाउन्डेसनकाअध्यक्षअमित साहले बताए । आयोजककाअनुसार बालबालिकातथायुवामा साहित्यिकचेतनाविकास गर्नुका साथै मिथिलाको सांस्कृतिकपहिचान पुस्तान्तरण गर्ने उद्देश्यले महोत्सवलाई निरन्तरतादिइँदै आएको हो ।सातौँ संस्करणसम्मआइपुग्दाजनकपुर साहित्यमहोत्सव स्थानीयस्तरमै प्रतिभापहिचान र प्रोत्साहनगर्नेविश्वसनीय साझामञ्चका रूपमा स्थापितहुँदै गएको दाबी गरिएको छ ।
उद्घाटन समारोहमा सहभागीअतिथिहरूले महोत्सवको महत्व, साहित्यर संस्कृतिको सामाजिकभूमिकातथाभावी पुस्तामायसको प्रभावबारे आफ्नाधारणा राख्ने कार्यक्रमछ ।साथै, विद्यार्थीहरूको प्रस्तुतीले समारोहलाई थपआकर्षक बनाउने विश्वास आयोजकले व्यक्त गरेको छ ।

सम्पादकीय

# के मधेशमा नयाँ नेतृत्व जरुरी छ ?

मधेशको राजनीति फेरि एकपटक निर्णायक मोडमा उभिएको छ। २०६० पछि पहिचान, अधिकार र संघीयताको एजेन्डासहित उदाएको मधेश आन्दोलनले स्थापित गरेको राजनीतिक चेतनाले आज नयाँ प्रश्नहरू जन्माइरहेको छ—के मधेशलाई नयाँ नेतृत्व चाहिएको हो ? कि उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल नै अझै बलियो र स्थायी शक्ति हो ? २०७९ सालको निर्वाचनसँगै मधेशी राजनीतिमा नयाँ अनुहारका रूपमा उदाएको सिके राउत नेतृत्वको जनमत पार्टीले पुराना शक्तिहरूलाई चुनौती दियो। जनमतले मधेशी युवामा रहेको आक्रोश, विकल्पको चाहना र परिवर्तनको आकांक्षालाई संस्थागत गर्ने प्रयास गर्‍यो। तर छोटो समयमै जनमत पार्टी विवाद, आन्तरिक असन्तुलन र विभाजनको संघारमा पुग्नुले एउटा गम्भीर यथार्थ उजागर गरिदिएको छ—नयाँ हुनु मात्र पर्याप्त हुँदैन, संस्थागत क्षमता र वैचारिक स्पष्टता बिना नेतृत्व दीगो हुँदैन।

अर्कोतर्फ, उपेन्द्र यादव नेतृत्वको जसपा नेपाललाई हेर्दा, लामो राजनीतिक यात्रा, आन्दोलनको अनुभव र मधेशी मुद्दाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उठान गर्ने क्षमता अझै पनि यस पार्टीसँग छ। यद्यपि, बारम्बारको विभाजन, सत्ता केन्द्रित आलोचना र संगठनात्मक थकानले जसपाको विश्वसनीयतामा प्रश्न उठेको सत्य हो। जसपा 'स्थायी शक्ति' त हो, तर स्वतःस्फूर्त आकर्षण गुमाउँदै गएको शक्ति पनि हो। यस सन्दर्भमा प्रश्न नयाँ र पुरानोको होइन, नयाँ सोचसहितको नेतृत्वको हो। मधेशलाई न त केवल 'अनुभवी तर थकित' नेतृत्वले मात्र अगाडि बढाउन सक्छ, न त 'उत्साही तर अपरिपक्व' नेतृत्वले। आवश्यक छ—आन्दोलनको चेतना र शासनको दक्षता जोड्न सक्ने नेतृत्व।

मधेशका मूल मुद्दा—नागरिकता, समानता, समावेशिता, रोजगारी, शिक्षा र विकास—अझै अधुरा छन्। यी मुद्दालाई भावनात्मक नाराबाट माथि उठाएर नीतिगत र व्यावहारिक समाधानमा रूपान्तरण गर्न सक्ने नेतृत्व आजको आवश्यकता हो। त्यसका लागि जसपाले आत्मसमीक्षा गर्नैपर्छ, जनमतजस्ता नयाँ शक्तिले पनि संगठनात्मक परिपक्वता देखाउनैपर्छ। निष्कर्षतः, मधेशलाई नयाँ नाम होइन, नयाँ दृष्टि चाहिएको हो। नेतृत्व व्यक्तिमा सीमित होइन, प्रक्रियामा रूपान्तरण हुनुपर्छ। यदि पुराना शक्तिले आफूलाई सुधार्न सकेनन् र नयाँ शक्तिले आफूलाई परिपक्व बनाउन सकेनन् भने, मधेशको राजनीति फेरि पनि निराशाको दुष्चक्रमा फस्ने खतरा रहिरहन्छ।

# यस्तो छ नेपाली कांग्रेसको महाधिवेशनको संशोधित तालिका

कृष्णप्रसाद पौडेल

नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक कार्यबाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा पार्टीको केन्द्रीय कार्यालय, बीपी स्मृति भवन, बीपी नगर, ललितपुरमा शुक्रबार बस्यो। बैठकमा कार्यवाहक सभापतिले प्रस्तुत गर्नु भएका विभिन्न प्रस्ताव उपर छलफल गरी पारित गरिएको छ। पारित गरिएका प्रस्तावहरु देहाय बमोजिम रहेका छन्।

**बैठकको निर्णयहरुः**

(१) मिति २०८२ मंसिर १५ गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकले १५ औँ महाधिवेशनको कार्यतालिका सर्वसम्मत् निर्णय गरी पार्टीको विधान बमोजिम महाधिवेशनको प्रकृया अघि बढी सकेको सबैलाई अवगत नै छ। यसरी नियमित १५ औँ महाधिवेशनको कार्यतालिका बमोजिम आवश्यक प्रकृया अघि बढिसकेको सन्दर्भमा 'विधान बमोजिम समयमै नियमित १५ औँ महाधिवेशन वा सोही अवधिमा विशेष महाधिवेशन' गर्न भनी माग गरिएको विशेष महाधिवेशनको औचित्य २०८२ मंसिर १५ गतेदेखि नै स्वतः समाप्त भएको व्यहोरा स्पष्ट गरिन्छ।

महाधिवेशनका लागि आवश्यक विभिन्न प्रकृयामध्ये क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरण अनिवार्य पहिलो तयारी मानिन्छ। केन्द्रीय महाधिवेशनका लागि सबैभन्दा पहिले वडा अधिवेशन गर्नु पर्दछ र क्रियाशील सदस्य नै वडा अधिवेशनका पहिलो मतदाता रहेको व्यहोरा पनि अवगत गराइन्छ।

एकातर्फ नयाँ क्रियाशील सदस्यता वितरण र नविकरण सम्बन्धी कार्य सम्पन्न गरी क्रियाशील सदस्यताको सूची केन्द्रीय कार्यसमितिमा निर्धारित कार्यतालिकाको समय भित्रै पेश गर्नु पर्नेमा हालसम्म पनि पेश नभएको अवस्था छ।

अर्कोतर्फ २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा भाग लिन पार्टीले निर्वाचन आयोगमा दल दर्ता गरी समानुपातिक निर्वाचन प्रणाली तर्फका उम्मेदवारको बन्दसूची सहित मनोनयन दर्ता गरी सकिएको छ। यस सन्दर्भमा पार्टीका केन्द्र, प्रदेश, जिल्ला, प्रतिनिधि सभा, प्रदेश सभा क्षेत्र, पालिका, वडा एवम् टोल तहका समितिहरु तथा पार्टीका भ्रातृ एवम् शुभेच्छुक संस्था र विदेश स्थित नेपाली जनसम्पर्क समितिहरु एवम् पार्टीका सदस्य, समर्थक र शुभेच्छुकहरुको सम्पूर्ण ध्यान यति बेला निर्वाचन केन्द्रीत हुनु पर्ने वर्तमान अवस्था छ।

पार्टीका उल्लेखित सबै सांगठनिक संरचनामा आवद्ध सदस्य साथीहरु व्यापक परिचालित भई घोषित निर्वाचनमा नेपाली कांग्रेसको पक्षमा बहुमत दिलाउन क्रियाशील रहन नेपाली कांग्रेस हार्दिक अपील गर्दछ।

(२) माथि उल्लेखित कारणले गर्दा २०८२ मंसिर १५ गते सम्पन्न भएको बैठकले निर्धारण गरेको पार्टीको १५ औं महाधिवेशनको सबै तहको कार्यतालिका २०८३ वैशाख २८, २९, ३० र ३१ गते पार्टीको १५ औं महाधिवेशन काठमाडौंमा हुने गरी देहाय बमोजिम संशोधन गरिएको छ।

**(क) नयाँ क्रियाशील सदस्यता सम्बन्धमाः विवरण, समय, तालिका**

(१) (१) एक मात्र निर्वाचन क्षेत्र भएको जिल्लामा वितरण भएको नयाँ क्रियाशील सदस्यताको सूची जिल्ला कार्यसमितिले प्रकाशित गरी केन्द्रमा पठाउने अवधि—

(२) दुई वा दुई भन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा वितरण भएको नयाँ क्रियाशील सदस्यताको सूची प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले प्रकाशित गरी जिल्ला कार्यसमितिमा र केन्द्रमा पठाउने अवधि—

(विगतमा विभिन्न कारणले पार्टी परित्याग गरेर स्वतन्त्र बनेका वा अन्य पार्टीमा गएर उम्मेदवार, प्रस्तावक वा प्रचारक बनेका साथीहरुलाई पार्टीमा फर्कनका लागि पार्टीले आह्वान गरेको र त्यसरी फर्किने साथीहरुलाई क्रियाशील सदस्यता प्रदान गरी सो को सूची समेत समावेश गरी पठाउनु पर्नेछ)

२०८२ माघ ३ गते भित्र

२०८२ माघ १० गते भित्र

(२) नयाँ क्रियाशील सदस्यता वितरण सम्बन्धमा जिल्ला स्तरीय क्रियाशील सदस्यता प्रारम्भिक छानविन समितिमा परेका उजुरी उपर छानविन गरी निर्णय गर्ने र निर्णय अनुसारको सूची प्रकाशित गरी केन्द्रमा पठाउनु पर्ने अवधि— २०८२ माघ २० गते भित्र

(३) क्रियाशील सदस्यता प्रारम्भिक छानविन समितिले गरेको निर्णय उपर परेको पुनरावेदन र क्रियाशील सदस्यता केन्द्रीय छानविन समितिमा क्रियाशील सदस्यता नयाँ र नवीकरण सम्बन्धी परेका उजुरी उपर अन्तिम निर्णय गरी क्रियाशील सदस्यताको नयाँ र नवीकरणको अन्तिम सूची तयार गरी केन्द्रीय सभापति–कार्यवाहक सभापतिलाई बुझाउने अवधि— २०८२ फागुन ५ गते भित्र

(४) पार्टीका केन्द्रीय सभापति–कार्यवाहक सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि – २०८२ फागुन १० गतेभित्र

**(ख) नवीकरण सदस्यता सम्बन्धमाः**

(१) क्रियाशील सदस्यता नवीकरणको अन्तिम नामावली, जिल्ला कार्यसमितिको बैठकको निर्णय र रकम पठाउने अन्तिम अवधि—

(विगतको निर्वाचनमा पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारका विरुद्ध उम्मेदवार भएका, तिनका प्रस्तावक र समर्थक वा असहयोग गरी अनुशासन विपरीतका काम गरेकाहरूलाई केन्द्रीय अनुशासन समितिले गरेको निष्काशन, निलम्वन र पार्टीको विधान अनुसार स्वतः कार्वाहीमा परेकाहरुको बाँकी अवधि माफी–मिनाहा भएको र यसरी कार्वाही माफी–मिनाहा भएका व्यक्तिहरुको पार्टीको वहाल रहेको पद नरहने गरी क्रियाशील सदस्यतालाई निरन्तरता कायम गरी क्रियाशील सदस्यता नवीकरण गर्ने निर्णय भएकोले सो अनुसार नवीकरण गर्ने)

**२०८२ माघ ३ गते भित्र**

(ग) अधिवेशन गर्न बाँकी रहेका नेपाली जनसम्पर्क समितिका सम्बन्धमाः

(१) क्रियाशील सदस्यता नयाँ र नवीकरणको नामावली केन्द्रमा पठाउने अवधि २०८२ माघ ७ गते भित्र

(२) केन्द्रबाट उक्त नामावली स्वीकृत गर्ने अवधि २०८२ माघ १५ गते भित्र

(३) अधिवेशन २०८२ माघ २९ गतेभित्र

(घ) केन्द्रीय महाधिवेशन र मातहतका निकायको अधिवेशनको कार्यतालिका

**अधिवेशनः मिति**

(क) गाउँ–नगर वडा अधिवेशन– २०८२ चैत्र २१ गते

(ख) गाउँ–नगरपालिका अधिवेशन–२०८२ चैत्र २५ गते

(ग) प्रदेश सभा क्षेत्रीय अधिवेशन –२०८२ चैत्र २८ गते

(घ) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन–एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन – २०८३ वैशाख २ गते

(ङ) दुई वा दुई भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन – २०८३ वैशाख ५ गते

(च) प्रदेश अधिवेशन–२०८३ वैशाख १०, ११ र १२ गते

(छ) केन्द्रीय महाधिवेशनः २०८३ वैशाख २८, २९, ३० र ३१ काठमाडौँ

(३) सदस्यता व्यवस्थापन केन्द्रीय समिति, क्रियाशील सदस्यता केन्द्रीय छानविन समिति र केन्द्रीय निर्वाचन समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछ—

३.१ 'सदस्यता व्यवस्थापन केन्द्रीय समिति' ले तोकिएको समयभित्र नवीकरण र नयाँ क्रियाशील सदस्यताको सूची र प्रतिवेदन सभापति–कार्यवाहक सभापतिलाई बुझाउने छ। सभापति–कार्यवाहक सभापतिबाट 'क्रियाशील सदस्यता केन्द्रीय छानविन समिति' लाई उपलब्ध गराइनेछ। सदस्यता व्यवस्थापन केन्द्रीय समितिको निर्णय प्रकृया सहमतिको आधारमा हुनेछ।

३.२ 'क्रियाशील सदस्यता केन्द्रीय छानविन समिति' ले 'सदस्यता व्यवस्थापन केन्द्रीय समिति' बाट सहमति भई आएको क्रियाशील सदस्यताको नयाँ र नवीकरणको सूची र प्रतिवेदन अध्ययन गरी क्रियाशील सदस्यता सम्बन्धी आएका उजुरी उपर छानविन गरी तोकिएको समयभित्र क्रियाशील सदस्यताको नयाँ र नवीकरणको अन्तिम सूची तयार गरी 'सदस्यता व्यवस्थापन केन्द्रीय समिति' लाई बुझाउनेछ र तत्कालै सदस्यता व्यवस्थापन केन्द्रीय समितिले पार्टी केन्द्रीय सभापति–कार्यवाहक सभापतिलाई बुझाउनु पर्नेछ। समितिको निर्णय प्रकृया सहमतिको आधारमा हुनेछ।

३.३ केन्द्रीय सभापति–कार्यवाहक सभापतिले 'क्रियाशील सदस्यता केन्द्रीय छानविन समिति' बाट सहमती भई प्राप्त भएका नयाँ र नवीकरण सदस्यताको सूची केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत गरी केन्द्रीय कार्यसमितिबाट अनुमोदन गर्नु पर्नेछ।

३.४ केन्द्रीय कार्यसमितिले अनुमोदन गरेको नयाँ र नवीकरण सदस्यताको सूची 'केन्द्रीय निर्वाचन समिति' लाई बुझाउनु पर्नेछ।

३.५ 'केन्द्रीय निर्वाचन समिति' ले केन्द्रीय कार्यसमितिबाट अनुमोदन भई प्राप्त भएका नयाँ र नवीकरणको सूचीको आधारमा महाधिवेशनको संशोधित कार्यतालिका बमोजिम पार्टीका निकायहरु— प्रदेश, जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र (क र ख), पालिका र वडा कार्यसमितिहरुमा पठाई सबै तहका अधिवेशन र केन्द्रीय महाधिवेशन सम्पन्न गर्नु पर्नेछ।

(४) यो विशेष परिस्थितिमा नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ४३ बमोजिम पार्टीको सबै तह र निकायका पदाधिकारी तथा सदस्यहरुको पदावधि २०८३ ज्येष्ठ मसान्तसम्म थप गरिएको छ।

शुक्रबारको बैठकमा महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, सहमहामन्त्रीहरु— फरमूल्लाह मन्सुर, उमाकान्त चौधरी र जीवन परियार, केन्द्रीय सदस्यहरु— कृष्णप्रसाद सिटौला, अर्जुननरसिंह के.सी., उमा रेग्मी, जीपछिरिङ लामा र सुजाता कोइरालाले आ–आफ्नो धारणा राख्नु भएको थियो।

# धाकधम्की दिने क्रम बढेको प्रधानन्यायाधीशकै गुनासो, के गर्दै छ सरकार ?



विनिता दाहाल

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले न्यायाधीशहरूको चरित्रहत्या गर्ने र विभिन्न खालका धाकधम्की दिने क्रम बढेको भन्दै न्यायसम्पादन गर्नै कठिन हुने परिस्थिति उत्पन्न भएको बताएका छन्।

त्यसबारे आफूले सरकारका मन्त्रीहरू, प्रहरी र नेपाल बार असोसिएशनलाई समेत जानकारी गराएको उनले बीबीसी न्यूज नेपालीलाई शुक्रवार बताए। प्रधानन्यायाधीश राउतले बिहीबार पत्रकार सम्मेलनमा न्यायपालिकालाई विभिन्न पक्षले दबाव दिन थालेको खुलासा गरेका थिए।

'एउटा न्यायाधीशलाई फैसला गरेर म तेरो घर जलाउँछु, मार्छु, कुट्छु भन्न थाल्यो भने के स्थिति हुन्छ ?

त्यो मनस्थितिमा उसले इन्साफ गर्नुपर्दा, त्यो इन्साफमा विघ्नबाधा हुन्छ कि हुँदैन ?' बीबीसँग उनले भने।

गृहमन्त्री ओमप्रकाश अर्यालले न्यायपालिकाले ध्यानाकर्षण गराएको कुरामाथि आफूहरूले अनुसन्धान गर्न निर्देशन दिइसकेको बताएका छन्। केही साताअघि 'न्यायाधीश समाज नेपाल'ले न्यायसम्पादनको विषयमा न्यायाधीशहरूबारे विभिन्न टीकाटिप्पणी र आलोचना भएको भन्दै एउटा विज्ञप्ति जारी गरेको थियो।

गत भदौमा भएको जेन जी आन्दोलनका बेला सर्वोच्च अदालतसहित देशका एक दर्जनभन्दा बढी अदालतहरूमा तोडफोड र आगजनी भएका थिए।

केही न्यायाधीशहरूको घरमा पनि आक्रमण भएको थियो। अदालतको मुख्य भवनमा आगो लागेर क्षति पुगेपछी सर्वोच्च अदालतले प्राङ्गणमा पालबाट टाँगेर काम थालेको थियो।

**न्यायाधीशहरूलाई कसले र किन दियो धम्की**

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले एक–डेढ महिनायता अदालत र न्यायाधीशहरूमाथि विशेष गरी सामाजिक सञ्जाल र केही सञ्चारमाध्यममा गलत र भ्रामक कुराहरू फैलाइएको बताए।

'न्यायपालिकालाई लाञ्छित गरिएको छ। न्यायाधीशहरूको चरित्रहत्या गरिएको छ। एआईले बनाएका सामग्रीहरू राखेर न्यायपालिकामाथि घृणा र द्वेष फैलाइएको छ,' प्रधानन्यायाधीश राउतले भने।

'यो एउटा कालखण्डमा यस्तो अराजक, अभद्र, अस्वस्थ र साह्रै आपत्तिजनक टिप्पणी भएको छ। न्यायाधीशहरूको घर जलाउने, परिवारलाई आक्रमण गर्ने, न्यायाधीशलाई सङ्गठित तवरले प्रहार गर्ने कुरा सामाजिक सञ्जालमा आइरहेका छन्।'

विचाराधीन मुद्दाको सुनुवाइ न्यायाधीशले गर्नुअगाडि नै सञ्चारमाध्यममा त्यस मुद्दाबारे समाचार आउने र सामाजिक सञ्जाल 'न्यायाधीशजस्तो भइदिएको' उनले बताए।

'अदालतमा निर्णय गर्नासाथ न्यायाधीशको हुर्मत लिने, तर्साउने धम्काउने काम भएको छ,' उनले भने। त्यस्तो धम्काउनेमा राजनीतिक वृत्तका मानिसदेखि स्वार्थसमूहहरू पनि रहेको उनले बताए।

कतै राजनीतिक दलहरूबाटै धम्की आएको त होइन भन्ने प्रश्नमा उनले भने, 'दल त भन्दिनँ म, राजनीतिक व्यक्तिहरूजस्तो देखिन्छ। गलत तत्त्वहरूले मुद्दाको हार्ने मान्छेलाई सङ्गठित गरेर अदालतभित्र प्रयोग गरिरहेका छन्।'

'ती मानिसहरूलाई अहिले प्रहरीले समातेको पनि छ।' न्यायसम्पादन गर्ने अनुकूल वातावरण नभएको भन्दै उनले गृहमन्त्री र कानुनमन्त्रीलाई भेटेर सरकारको ध्यानाकर्षण गराइसकेका छन्।

सर्वोच्च अदालतका सबै न्यायाधीशहरू बसेर त्यसबारे बताउँदा सरकारले सुरक्षाको प्रत्याभूति गर्ने र 'गलत तत्त्व' लाई नियन्त्रण गर्ने आश्वासन दिएको उनले बताए।

प्रधानमन्त्री सुशीला कार्कीलाई पनि भेट्न सुझाव आएको भन्दै त्यसबारे आवश्यकतानुसार गरिने उनले बताए। जेन जी आन्दोलनपछि प्रधानमन्त्री बनेकी कार्की भूतपूर्व प्रधानन्यायाधीश हुन्।

**प्रधानन्यायाधीश राउतले अरू के भने**

झन्डै दुई साताअघि न्यायाधीश समाज नेपालले विज्ञप्तिमा जारी गरेपछि सरोकारवालाहरूले न्यायाधीशमाथि धम्की आउने कार्य गलत भएको बताएका थिए। वकिलहरूको छाता सङ्गठन नेपाल बार असोसिएशन र एक पूर्वन्यायाधीशले न्यायसम्पादनमा असर पर्ने कुरा गम्भीर भएको तर न्यायाधीशहरू पनि आफूले गर्ने निर्णयमा सचेत हुनुपर्ने बताएका थिए। प्रधानन्यायाधीश राउतले न्यायाधीशले मुद्दामा भएका अनुसन्धान र कानुन प्रमाण हेरेर न्यायाधीशले मुद्दाको सम्पादन गर्ने बताए।

तर कतिपय अवस्थामा अदालतलाई लिएर भएका गुनासाबारे आफैँले पनि सम्बोधन गर्ने प्रयास गरिरहेको उनले बताए। त्यसकै कारण अहिले मुद्दा गोलाप्रथाद्वारा न्यायाधीशहरूलाई पर्ने गरेको पनि उनले बताए।

'यो संस्था पारदर्शी हुन्छ। प्रधानन्यायाधीशले पनि ्मुद्दो यसलाई पार्छु भनेर पार्न सक्दैन। साढे १० बजे गोला लिएर ११ बजे न्यायाधीशहरू इजलास जाने हो,' उनले भने।

'यदाकदा त्यस्तो भयो भने हाम्रो जानकारीमा भएपछि स्पष्टीकरण सोध्ने, कारबाहीको दायरामा ल्याउने काम कर्मचारीको हकमा पनि गर्छौँ। न्यायाधीशको हकमा पनि गर्छौँ।' गृहमन्त्री ओमप्रकाश अर्यालका अनुसार न्यायाधीशहरूमाथि आएका धम्कीबारे अनुसन्धान गर्न सरकारले निर्देशन दिइसकेको छ। उनका अनुसार न्यायपालिकामाथि उठ्ने गरेका प्रश्नमा न्यायाधीशहरू स्वयम् सच्चिनुपर्छ र सँगै सरकारले पनि अनुसन्धान गर्दै जान्छ।

'आफ्नो संस्थाभित्रका न्यायकर्मीहरूले आफ्नो इज्जत प्रतिष्ठा बढाउने काम, जनविश्वास जित्ने काम भित्रैबाट पनि हुनुपर्छ। अनि बाह्य वातावरण बनाउने काममा गृह प्रशासनलगायत सम्पूर्ण सरोकारवालाहरूले आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्छ,' गृहमन्त्री अर्यालले भने।

'गलत तत्त्वहरूको मनोबल बढेको अवस्था छ। ती गलत तत्त्वको मनोबल बढ्न दिनुहुँदैन र जसले बदनियतसाथ यस्तो गरिरहेका छन् उनीहरूलाई आवश्यक कानुनी दायरामा ल्याउनुपर्छ।'

उनका अनुसार 'गलत तत्त्व'मा कारागारबाट भागेका कैदीबन्दीहरू पर्छन्। त्यसबाहेक अरूले पनि मिथ्या सूचना फैलाउने र जनमानसमा गलत कुरा स्थापित गर्ने र त्यस्तै 'भाष्य' निर्माण गर्ने कुरालाई रोक्नुपर्ने उनले बताए।

'हेट स्पीच जहाँबाट आइरहेको छ त्यो स्रोतलाई नै खुम्च्याउँदै वा निवारण गर्दै जानुपर्छ,' गृहमन्त्री अर्यालले भने।

एक न्यायाधीशले नाम नखुलाउने सर्तमा केही समयअघि आफूहरूलाई नयाँ र पुराना राजनीतिक दलकै कार्यकर्ताहरूबाट 'ज्यानको माया छ कि छैन?' भन्ने र कुटपिट गर्ने जस्ता धम्की आउने दिने गरेको बताएका थिए।

त्यस्तो कार्यमा राजनीतिक दल वा तिनको कार्यकर्ताको संलग्नताबारे सोधिएको प्रश्नमा गृहमन्त्रीले संस्थागत रूपमा भन्दा पनि व्यक्तिगत रूपमा त्यसो गरिएको हुन सक्ने सङ्केत गरे। 'दल भनेर हामीले त्यसरी दललाई संस्थागत रूपमा भनेका छैनौँ। दल त अब नियुक्ति देखिका विषयवस्तुहरूमा जोडिएका छन्। कतिपय कामकारबाहीमा त्यसको प्रभाव पर्‍यो, स्वार्थसमूहहरू जोडिए, बिचौलिया जोडिए। त्यसको प्रभाव छ भन्ने त स्वयम् अदालतकै प्रतिवेदनले पनि भन्छ। सरोकारवाला नेपाल बार असोसिएशनले पनि भनेको छ।'

'ती कतिपय अनुमान गरिने कुराहरूलाई नै गलत सूचना उत्पादन गरेर प्रचारप्रसार गर्ने आममानिसमा छाप बसाल्ने गर्नु हुँदैन। तर कमी कमजोरी जहाँ छन्, त्यहीँबाटै रोक्नुपर्छ भन्ने हो।' बीबीसी

# बन्दसूचीबाट उम्मेदवारले नामफिर्ता लिएमाअर्को थप्न समय दिइने



**काठमाडौँ।**
आसन्नप्रतिनिधिसभा सदस्यनिर्वाचनकालागि समानुपातिक प्रणालीतर्फको बन्दसूचीमा समावेश भएकाकुनै उम्मेदवारले तोकिएको समयमाआफ्नो नामफिर्ता लिन सक्ने र त्यसरी फिर्ता भएको स्थानमा सम्बन्धितदलले अर्को उम्मेदवार थप्नपाउने जनाइएको छ।

निर्वाचनआयोगले आगामीफागुन २१ गतेका लागिनिर्धारित यही पुस १३ र १४ गते ६४ राजनीतिकदलकातर्फबाट प्राप्तउम्मेदवारीको मनोनयन गरिएकामात्यसमाथि रुजु भइरहेको जनाएको छ।

आयोगकाप्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार सूचीमाकानुनबमोजिम समावेशी समूहमिले नमिलेको रुजु गरेर यही पुस २० गतेभित्र सम्बन्धितदललाई सूचित गर्ने र तत्पश्चातदलहरुले सच्याएर यही पुस २७गतेभित्रपुनः पेस गर्नुपर्नेछ। त्यसरी पेस गरिएको संशोधित सूचीमा परेका कुनै उम्मेदवारले आफ्नो नामफिर्ता लिनचाहेमा पुस २८ गतेका लागि समय दिइनेछ। फिर्ता हुनआवेदनदिइएको उम्मेदवारका बारेमा सम्बन्धितदललाई आयोगले सूचित गर्ने र दलले अर्को उम्मेदवार पठाउन पाउनेछ।

आगामी माघ ४ गते बन्दसूची सार्वजनिक गरिनेछ । आम सर्वसाधारणले त्यो सूचीमा रहेका उम्मेदवार कानुनी रुपमाअयोग्य रहेको भनीदाबीविरोध गरेमा छानबिन गरी माघ २० गते अन्तिमनामावलीप्रकाशन गरिने आयोगले जनाएको छ । उक्त सूचीतत्पश्चात परिवर्तन हुने छैन । रासस

# अत्यधिकचिसो बढेकाले अत्यावश्यक काम बाहेक बाहिर ननिस्कन अनुरोध

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अत्यधिक चिसो बढि रहेकाले स्वास्थ्य प्रतिकूल हुन सक्ने भन्दै अत्यावश्यक काम बाहेक बाहिर ननिस्कन सर्वसाधारणमा अनुरोध गरेको छ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले चिसोले गर्दा रुघाखोकी, ज्वरो, दम बढ्ने वा सास फेर्न गाह्रो हुने, हाइपोथर्मिया लगायत लक्षण भएका बिरामीको सङ्ख्या बढ्ने भएकाले चिसोमा बाहिर ननिस्कन अनुरोध गरेका हुन्।

'जाडोयाम सुरु भएसँगै सामान्यभन्दा तापक्रम कम भएर विभिन्न क्षेत्रमाहुने शीतलहर, हुस्सु, कुहिरो र हिमपात जस्ताले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा रुघाखोकी, ज्वरो, दम बढ्ने वा सास फेर्न गाह्रो हुने, हाइपोथर्मिया जस्ता लक्षण भएका बिरामीहरू बढ्ने गरेका छन्,' उनले भने।

उनले चिसोका कारण देखिने समस्या रहिरहे वा बढेमा ढिला नगरी नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्न वा हेलो स्वास्थ्य कल सेन्टर १११५ बाट परामर्श लिनसमेत अनुरोध गरेका छन्। उनका अनुसार जाडोयाममा बालबालिका, गर्भवती, वृद्धवृद्धा तथा दीर्घरोगी बढी जोखिम हुने गरेको छ।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले पछिल्ला वर्षहरूमा जाडोयामसँगै बढ्ने वायु प्रदूषणले मुटु, फोक्सो, मस्तिष्क लगायत अङ्गमा गम्भीर असर पार्नाका साथै दम, क्यान्सरजस्ता दीर्घरोगको जोखिम र मृत्युदर बढाउने बताए।

'चिसोका कारण उत्पन्न हुने सक्ने लक्षण वा रोगलाई न्यून गर्न तथालाग्ननदिन, धुवाँधुलोबाट बच्ने, पोषणयुक्त सन्तुलित खाना खाने, न्यानो लुगा लगाउने, भिटामिन सी पर्याप्त मात्रा भएका सुन्तला, कागती र अमलाखाने, मौसम अनुसारको ताजा फलफूल तथा सागपात पर्याप्त मात्रामा खाने, सरसफाइ माध्यान दिने र प्रशस्त मात्रामा झोल पदार्थ खाने गर्नुपर्ने हुन्छ', उनले भने। रासस

# देशभरका पत्रकारलाई सामाजिक सुरक्षा कोषमा जोड्नुपर्छः मन्त्री खरेल



**चितवन।**
सञ्चार तथा सूचनाप्रविधिमन्त्रीजगदीश खरेलले देशभरका पत्रकारलाई सामाजिक सुरक्षा कोषमा जोड्नुपर्ने बताएका छन्।नेपालपत्रकार महासङ्घ चितवनशाखाको आज निरीक्षणपछि कुरा गर्ने क्रममाउनले अहिले सरकारले सरकारी सञ्चार माध्यममाकार्यरत पत्रकारहरुलाई सामाजिक सुरक्षा कोषमा जोड्ने कामको थालनी गरेको बताए।

उनले पत्रकारका कार्यालयमाप्रवेश गर्दा आफ्नै घरमाप्रवेश गरेको अनुभूतिहुने बताउँदै चितवनशाखाअन्यशाखाको तुलनामा राम्रो रहेको बताए। पत्रकारहरुको समस्या समाधानकालागिअहिलेको सरकारले केहीआधारशिलातयार गर्ने उनको भनाइथियो। उनले भने, "लोक कल्याणकारी विज्ञापनको सहीतरिकाले सबै सञ्चारमाध्यममा पु¥याउन जरुरी छ।"

निरीक्षणका क्रममा नेपालपत्रकार महासंघ चितवनशाखाकाअध्यक्षवसन्त पराजुलीले जिल्लाको पत्रकारिताअवस्था र चुनौतीकाविषयमामन्त्री खरेललाई अवगत गराएकाथिए। मन्त्री खरेलले समाचार सङ्कलनकाक्रममाजाँदा दुर्घटनामा परेका नेपाल टेलिभिजनकाचितवन समाचारदाताअनिल ढकाललाई भेट गरेका छन्।

ढकाललाई नेपाल टेलिभिजनमा निरन्तर रुपमाकाम गर्नका लागिआवश्यक सहजीकरणका लागिआफू तयार रहेको उनको भनाइथियो। सोहीक्रममा सार्वजनिक सेवा प्रसारण नेपालकाकार्यकारी अध्यक्ष महेन्द्र विष्टलाई टेलिफोन गरी मन्त्री खरेलले टेलिभिजनकातर्फबाट गर्न सक्ने सहयोगकालागिनिर्देशनदिए। ढकालले आफू टेलिभिजनको प्रत्यक्ष प्रसारणका लागिजाने क्रममा दुर्घटना भएको भन्दै नेपाल टेलिभिजनमा स्थायित्वहुने गरी रोजगारको सुनिश्चितता गरिदिनमन्त्री खरेललाई अनुरोध गरेका थिए। पत्रकार ढकाल गतअसोजमामुग्लिन–नारायणगढ सडकखण्डमा समाचार सङ्कलनकाक्रममा दुर्घटनामा परेका थिए।

दुर्घटनामा परी घाइते ढकालको स्वास्थ्यमाअहिले क्रमिक सुधार आएको छ। उहाँविगततीनमहिनादेखि उपचारकै क्रममा छन्। रासस

# त्रिवेणीधाममा माधव नारायण मेला सुरु



**भक्तपुर।**
भक्तपुरको हनुमानघाटस्थित त्रिवेणीधाममा आजदेखि एकमहिनासम्मका लागिमाधव नारायण मेलाएवं व्रत सुरु भएको छ । उक्त मेला नेपाल संवत्को आठौँ शताब्दीमाप्रारम्भ भएको विश्वास छ।

हरेक वर्ष पौषशुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिनालाग्ने माधवनारायण मेलामाव्रतालुले त्रिवेणीधाममा स्नान गरी, सूर्यलाई अर्घ दिएर माधवनारायणको पूजा गरेपछि व्रत सुरु हुने पुजारी सरोजन शर्माले बताउनुभयो।

साँखुको शालिनदीमा भन्दा पहिलादेखि यो मेलाएवं व्रत सुरु भएको शिलालेख एवं ग्रन्थमाउल्लेख भएको भन्दै उहाँले तत्कालीन राजा रणजित मल्लआफैँ उपस्थितभएर व्रतप्रारम्भ भएको शिलालेखमा रहेको जानकारी दिनुभयो।

माधवनारायणको व्रत बस्ने व्यक्तिले व्रत सुरु हुनु अघिल्लो दिनदेखि निराहार बस्नुपर्ने, बिहानै त्रिवेणीमा स्नान गरी चोखो जलतथापूजा सामग्रीले पूजा गर्नुपर्ने, शङ्खजल ग्रहण गरी मन्त्रोच्चारण गर्नुपर्ने, शङ्खजल ग्रहण गरेपछि कसैलाई छुन नहुने तथाजुत्तालगाउननहुने परम्परा रहेको पुजारी शर्माले जानकारी दिनुभयो । त्रिवेणीमा दैनिकनित्यपूजातथामाधवनारायणको कथावाचन र हनुमानघाट त्रिवेणी कुण्डमा दैनिक स्नान गर्ने गरिन्छ।

नेसं ७२२ मा रणजीत मल्लआफैँले व्रतको व्यवस्थापन गरिएकाशिलालेखमाउल्लेख गरिएको बताउँदै उहाँले यहाँस्थितत्रिवेणीघाटमा डुबेर एकचित्तभएर जे माग्यो त्यो पूरा हुने जनविश्वास रहेकाले यहाँव्रत बस्ने र स्नान गर्ने आउने गरेको उहाँको भनाइथियो।

व्रतालुले खालीखुट्टा पैदल नै तील माधवबाट तलेजु भवानीसम्म, सप्तमीमापनौतीगएर त्रिवेणीमा बसेर स्नान गरी ईन्द्रेश्वर महादेवको दर्शन गरी अष्टमीमा फर्कने, दशमीमापशुपतिगएर स्नान गरी जल चढाएर जयवागेश्वरी ताम्रेश्वर महादेवसम्मकलशयात्रा गर्ने, द्वादशीमाचाँगुनारायण शंखदहमा स्नानगरी कलशलिएर चाँगुनारायणको दर्शन गर्ने र माघ शुक्ल पूर्णिमाकादिननगरपरिक्रमा गरेर भूपतिन्द्र मल्लको मूर्तिमाइन्द्रकलश चढाएर एकमहिने व्रत समापन गर्ने परम्परा रहेको व्रतालु विनोदकुमार प्रजापतिले जानकारी दिनुभयो।

व्रतालुहरु त्रिवेणीघाटमा महिनादिनसम्म बसेर व्रत पूरा गर्ने र कतिपयव्रतालु भने हरेक दिनबिहानत्रिवेणीघाटमा आएर नुहाउने तथाविभिन्न स्थानको कलशयात्रामा सहभागीजनाउने परम्परा रहेको पुजारी मनोज शर्माले जानकारी दिनुभयो । त्रिवणी धाममा एक महिनासम्म गणेश, कुमार, पूm लल्याउने माली र पाँचजना गुरु पुरोहितले व्रतएवं पूजाको व्यवस्थापन गर्ने उहाँले जानकारी दिनुभयो।

एक महिनापछि व्रतालुहरुले माघ शुक्ल पूर्णिमाको दिनबिहानत्रिवेणी खोलामाआएर स्नान गरी माधवनारायणको पूजा गरेर होम आहुती गरेपछि भक्तपुर नगरका विभिन्न देवालयहरुको परिक्रमा गरेर भूपतिन्द्र मल्लको मूर्तिमाइन्द्रकलश चढाएर व्रत समापन गर्ने परम्परा रहेको छ।


आजदेखि एक महिनासम्मयहाँमाधवनारायणको कथावाचनहुने गर्दछ । यस वर्ष सात जनामहिलाले त्रिवेणी धाममै बसेर व्रत पूरा गर्ने भएका छन् भने त्रिवेणीधामका जलाशयमा बसेर तालाक्वोका ११ वर्षीय क्रिजलप्रजापतिदेखि ६५ वर्षीय ज्येष्ठ नागरिकसम्मले व्रतप्रारम्भ गरेका छन्।

समितिले त्रिवेणी धाममामहिलाहरुको लागिमात्रै व्रत बस्ने व्यवस्था गरेको छ । महिलापुरुष गरी यसवर्ष ३५ जनाले माधवनारायणको व्रत बसेको माधवनारायण व्रत समितिले जानकारी दिएको छ।

हनुमन्ते खोलामापानीको सट्टा ढल बगेकाले यहाँव्रत बस्नेको सङ्ख्या निनै घटेको भन्दै भक्तपुर नगरपालिकाले ढललाई हनुमन्ते खालाबाट नबगाइव्यवस्थापन गरे व्रतालु बढ्ने ब्रतालुहरुको भनाइ छ।

भक्तपुर नगरपालिकाभित्रका सबै ढल मिसिएर दुर्घन्धित बनेको हनुमानघाटको उक्तहनुमन्ते खोलामा मेला सञ्चालनकालागिभक्तपर नगरपालिकाले हनुमानघाटस्थित त्रिवेणीधाम खोलामा डोजर लगाएर स्नान गर्नका लागि खाल्डो बनाइएको र त्यही खाल्डोमा रातिबग्ने पानी र इनारको पानीहाले स्नानको लागिव्यवस्था गरिएको छ । रासस

# एक वर्षमातीनलाख बढी पर्यटकद्वारा पाटन दरबार सङ्ग्रहालयअवलोकन



**ललितपुर।**
पाटन दरबार सङ्ग्रहालय सन् २०२५ मातीनलाख १३ हजार ३०० पर्यटकले अवलोकन गरेका छन्। पाटन दरबार सङ्ग्रहालयका प्रशासकीय प्रमुख सुरेशमान लाखेका अनुसार सार्क राष्ट्रका ४३ हजार ५३ पर्यटकसहित कूल एक लाखपाँचहजार ३०० विदेशी पर्यटकले सङ्ग्रहालयको अवलोकन गरेका हुन्। अघिल्लो वर्ष सन् २०२४ माभने कूलतीनलाख १८ हजार ३३७विदेशी पर्यटकले सङ्ग्रहालयअवलोकन गरेका थिए। यस आधारमा सन् २०२५ मा पर्यटक आगमन अघिल्लो वर्षको तुलनामा केहीकमी आएको छ।

सन् २०२५ मा ४० हजार ४०० नेपालीविद्यार्थी र एक लाख २४ हजार ५५० नेपाली सर्वसाधारणले पाटन दरबार सङ्ग्रहालयको अवलोकन गरेका छन् । प्रशासकीयप्रमुखलाखेका अनुसार नेपाली पर्यटकको सङ्ख्या हरेक वर्ष बढ्दो क्रममा रहेको छ । उहाँले भन्नुभयो, "देशको बदलिँदो परिस्थितिका कारण विदेशी पर्यटकको आगमनमा उतारचढाव देखिएपनि नेपाली पर्यटकको सङ्ख्या भने निरन्तर बढिरहेको छ।" विदेशी पर्यटकको सङ्ख्या घट्नुको प्रमुख कारण जेनजीआन्दोलन र पाटन दरबार क्षेत्रका सडक सुधारका कार्यहरू रहेको प्रशासकीयप्रमुखलाखेले जानकारी दिनुभयो। रासस

# राष्ट्र निर्माण दल नेपालको घोषणा

**मधेशदृष्टि**
**काठमाडौँ।**
समिम मियाँ अन्सारीको अध्यक्षतामा राष्ट्र निर्माण दल नेपाल घोषणा गरिएको छ । शुक्रबार काठमाडौँको सभागृहमा मुस्लिम आयोगका पूर्वअध्यक्ष समेत रहेका अन्सारीको अध्यक्षतामा राष्ट्र निर्माण दल घोषणा गरिएको हो।




पार्टीको औपचारिक घोषणा कार्यक्रममा बोल्दै अध्यक्ष अन्सारीले राष्ट्र निर्माण दल नेपालले जनताको हित र देशको विकासलाई प्राथमिकता राखेर अघि बढ्ने बताए । अन्य राजनीतिक दलहरूले जनतालाई आश्वासन मात्रै देखाउने गरेको भन्दै उनले जनताका सपना साकार गर्न राष्ट्र निर्माण दलको जन्म भएको बताए।

अध्यक्ष अन्सारीले व्यक्तिगत स्वार्थ वा फाइदाका लागि पार्टी गठन नगरिएको स्पष्ट पार्दै सबै समुदायलाई समेटेर राष्ट्र निर्माण गर्ने पार्टीको लक्ष्य रहेको बताए। उनले भने, 'राष्ट्र निमार्ण दल नेपाल कुनै एकल जातीय पार्टी होइन । यस पार्टीले सबै भूगोल र समूदायको आवाज बोल्ने छ।'

अन्तर्राष्ट्रिय सम्बन्ध सबैसँग मित्रवत व्यवहार कायम राख्ने र विशेषगरी दुई छिमेकी राष्ट्र चिन र भारतसँगको सम्बन्धलाई थप मजबुत बनाउने अध्यक्ष अन्सारीको भनाइ छ।

पार्टी विचारलाई मनन गरी आउने चुनावमा जनताले साथ दिने विश्वास व्यक्त गर्दै अध्यक्ष अन्सारीले भने, 'जनताका साथ र सहयोग रह्यो भने पार्टीले केन्द्रमा निर्णायक भूमिका खेल्नेछ।' साथै उनले आगामी निर्वाचनमा विचार मिल्ने दलहरूसँग चुनावी गठबन्धनको लागि ढोका खुला रहेको बताए । उनले गोलो घेराभित्र पानीको बोतल चुनाव चिन्ह लिएर राष्ट्र निर्माण दल नेपाल चुनावमा होमिएको बताए।

घोषणा सभामा संविधानसभा सदस्य एवम् पूर्वराज्यमन्त्री मोहम्मद जाकिर हुसैन, गुरुदेव राम, खगेन्द्र ढकाल, सुमन खड्गी, दीपेन्द्र चौधरी, अकबर खान, अफरोज मन्सुरलगायत विभिन्न जिल्लाबाट आएका नेता कार्यकर्ताको उल्लेखनीय सहभागिता थियो।

# झापा–५ बाट अध्यक्ष ओलीको नाम सर्वसम्मत सिफारिस

आगामीफागुन २१ गते हुने प्रतिनिधिसभानिर्वाचनकालागि नेकपाएमालेले झापा क्षेत्र नम्बर ५ बाट पार्टी अध्यक्ष केपीशर्मा ओलीलाई उम्मेदवारका रूपमा सर्वसम्मतसिफारिस गरेको छ।

शनिबार बिर्तामोडमा सम्पन्न क्षेत्रीय समन्वय कमिटीको बैठकले ओलीको एकलनामसिफारिस गर्ने निर्णय गरेको हो।



एमाले झापाका सचिवतुलसीकार्कीका अनुसार उक्त क्षेत्रमाअन्यकुनै पनिउम्मेदवारको दाबेदारी नआएपछि अध्यक्षओलीको नाम सर्वसम्मत रूपमा पार्टी केन्द्रमा पठाइएको हो । ओली यसअघि पनिझापा–५ बाट लगातार भारी मतान्तरसहितविजयीहुँदै आएका छन् । यसपटकको निर्वाचनमापनिउनको पकड बलियो रहेको ठहर गर्दै क्षेत्रीय कमिटीले उत्साहपूर्वक उनको नामसिफारिस गरेको पार्टीले जनाएको छ।

# क्यानको वार्षिक खेल तालिका सार्वजनिक




**काठमाडौं।**
नेपाल क्रिकेट संघ (क्यान) ले सन् २०२६ का लागि घरेलु तथा अन्तर्राष्ट्रिय क्रिकेटको वार्षिक क्यालेन्डर सार्वजनिक गरेको छ। शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै क्यानले पुरुष, महिला तथा युवा तहमा वर्षभरि हुने विभिन्न राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रतियोगिताहरू समावेश गर्दै वार्षिक क्यालेन्डर सार्वजनिक गरेको हो। सन् २०२६ मा घरेलु स्तरमा जिल्ला र प्रदेशस्तरस्तरीय क्रिकेटका साथै जय ट्रफी र राष्ट्रिय विद्यालय च्याम्पियनसिप जिल्लास्तर र प्रदेशस्तरमा सञ्चालन हुने क्यानले जनाएको छ।
त्यस्तै युवा क्रिकेटलाई प्राथमिकतामा राख्दै क्यान युवा कप, लेभल १ र २ कोचिङ कोर्स, पिच क्युरेटर कोर्स तथा अम्पायरिङ कोर्स आयोजना गर्ने जनाएको छ। अन्तर्राष्ट्रिय आईसीसी टी–२० विश्वकप, यू–१९ टोलीको भुटान तथा मलेसिया भ्रमण, आईसीसी विश्व क्रिकेट लिग, एसीसी पुरुष र महिला कप प्रतियोगिता, तथा एसिया कपमा प्रतिस्पर्धा हुने क्यानका सचिव पारस खड्काले जानकारी दिए।
उनले घरेलु क्रिकेट खेलाडीहरुलाई अवसर प्रदान गर्नका लागि बिभिन्न प्रतियोगिता आयोजना गरिएको बताए। खड्काले टेस्ट मान्यता राष्ट्रसंग खेल्नका लागि क्यानले प्रस्ताव अघि बढाएको जानकारी दिए।
क्यानले क्यानले २०२६ मा घरेलु संरचना बलियो बनाएर अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने जनाएको छ। अक्टोबरदेखि नोभेम्बरसम्म नेपाल प्रिमियर लिग (एनपीएल) को तेश्रो संस्करण आयोजना हुने क्यानको क्यालेन्डरमा समावेश गरिएको छ। रासस

# रोमानियामा इन्धन चुहावटका कारण ११ हजार बासिन्दाका पानी आपूर्ति प्रभावित

**बुखारेस्ट (रासस÷सिन्ह्वा) ।**
रोमानियाको आपतकालीन विभागले ब्रासोभ जिल्लामा इन्धन चुहावटका कारण करिब ११ हजार बासिन्दालाई पिउने पानी आपूर्ति हुन नसकेको जनाएको छ । आपतकालीन टोलीहरूले प्रभावित समुदायमा तत्काल पिउने पानी वितरण गरिरहेका छन्।
ब्रासोभ जिल्ला आपतकालीन कार्यालयले भिक्टोरिया शहर र वरपरका गाउँहरू उचेआ, भिस्टेआ र ड्रागुसमा सहयोग पु¥याइरहेको छ । डिसेम्बर महिनाको अन्त्यमा भएको यस वातावरणीय घटनाका कारण चारै स्थानीयतामा पानीको मुख्य स्रोत प्रदूषित भएको थियो।
अत्यावश्यक सेवाहरूलाई प्राथमिकता दिँदै टोलीहरूले भिक्टोरियाको नर्सिङ होम, स्थानीय अस्पताल र नगर कार्यलयलाई पिउने पानी उपलब्ध गराएका छन्।
स्थानीय अधिकारीहरूले वैकल्पिक पानीका स्रोत तुरुन्त सुनिश्चित गरेका थिए । आपतकालीन सेवा तथा आन्तरिक मन्त्रालयका टोलीहरू प्रभावित समुदायलाई निरन्तर सहयोग पु¥याउन तत्पर रहेका छन्।

# काराकासमा श्रृङ्खलाबद्ध विस्फोट भेनेजुएलाद्वारा अमेरिकालाई 'आक्रामकता' को आरोप



**काराकास (भेनेजुयला) ।**
राष्ट्रपति डोनाल्ड ट्रम्पको एक महिना लामो दबाब अभियानपछि शनिबार राजधानी काराकासमा विस्फोट भएको उल्लेख गर्दै भेनेजुएलाले संयुक्त राज्य अमेरिकालाई गम्भीर सैन्य आक्रमण गरेको आरोप लगाएको छ।
फक्स न्यूज र सिबिएस न्यूज लगायत अमेरिकी मिडियाहरूले संयुक्त राज्य अमेरिकाले क्यारिबियन देशमा सैन्य आक्रमण गरिरहेको रिपोर्ट गरेका छन् । ह्वाइट हाउस र पेन्टागनले भने आक्रमणको बारेमा हाल सम्म कुनै टिप्पणी गरेका छैनन्।
विस्फोट, सहरमा उड्ने विमानहरूको आवाजसँगै, उस्तै सुनिने गरी शनिबार राति २ बजेदेखि भएको एएफपीले जनाएको छ । राजधानीको उत्तरमा रहेको ला गुइरामा पनि विस्फोटको आवाज सुनिएको जनाइएको छ जहाँ काराकासको विमानस्थल र बन्दरगाह अवस्थित छ।
"भेनेजुएलाका वामपन्थी राष्ट्रपति निकोलस मादुरोको सरकारले भेनेजुएलाको भूभाग र जनता विरुद्ध संयुक्त राज्य अमेरिकाको वर्तमान सरकारले गरेको गम्भीर सैन्य आक्रमणलाई भेनेजुएलाले अन्तर्राष्ट्रिय समुदाय सामु अस्वीकार, र निन्दा गरेको जनाएको छ । आक्रमण पछि उहाँले मुलुकमा आपतकालकोसमेत घोषणा गरिसकेको बताइएको छ।
छिमेकी कोलम्बियाका राष्ट्रपतिले आक्रमणको विषयलाई लिएर संयुक्त राष्ट्र सङ्घको आपतकालीन बैठक बोलाउनु भएको छ । वामपन्थी नेता गुस्ताभो पेट्रोले सामाजिक सञ्जाल एक्समा भेनेजुएलामा भएको आक्रमणको बारेमा सम्पूर्ण विश्वलाई सचेत गराइरहेको जनाइएको छ । अहिले पनि मेसिन गन जस्तो धेरै विस्फोट र गोली चलेको आवाज सुनिरहेको अधिकारीहरूलाई उदृत गर्दै एएफपीले बताएको छ । स्थानिय बासिन्दाहरूका अनुसार सहरका केही भागहरूमा आक्रमण पछि बिजुली काटिएको छ।
सुरुमा लागु औषध तस्करी विरोधी अभियानको रूपमा प्रस्तुत गरेको क्यारिबियनमा विमान वाहक र लडाकु विमान तैनाथ गर्ने ट्रम्पले भेनेजुएलाको भूमिमा बारम्बार आक्रमण गर्ने धम्की दिएको जनाइएको छ । यस अघि सोमबार ट्रम्पले अमेरिकाले भेनेजुएलाका कथित लागु औषध डुङ्गाहरू आक्रमण गरी नष्ट गर्ने बताउँदै नियन्त्रण अभियानको पहिलो प्रयास आक्रमण हुने बताउनु भएको थियो । मादुरोले भने आक्रमणको पुष्टि तथा अस्वीकार नगरी बिहीबार वासिङ्टनसँगको सहकार्यका लागि खुला रहेको बताउनु भएको थियो । ट्रम्प प्रशासनले भने मादुरोलाई लागु औषध ओसार पसारको नेतृत्व गरेको आरोप लगाएको छ । मादुरोले लागु औषध कारोबारमा आफ्नो संलग्नतालाई अस्वीकार गर्दै वासिङ्टनले आफुलाईं सत्ताच्युत गर्न खोजिरहेको बताउनु भएको छ।
वासिङ्टनले पछिल्लो समयमा अनौपचारिक रूपमा भेनेजुएलाको हवाई क्षेत्र बन्द गरी थप प्रतिबन्ध लगाएको छ र भेनेजुएलाको तेलले भरिएका ट्याङ्करहरू जफत गर्न आदेश दिएको छ । अमेरिकी सेनाले सेप्टेम्बर देखि क्यारेबियन सागर र पूर्वी प्रशान्त महासागरमा डुङ्गाहरूमा धेरै आक्रमणहरू गरेको छ, जसलाई वासिङ्टनले लागु औषध तस्करहरू भनेको छ । अमेरिकी सेनाका अनुसार आक्रमणमा कम्तीमा १०७ जनाको मृत्यु भएको छ। रासस /एएफपी

# कङ्गोमा बिद्रोही आक्रमण १४ जनाको मृत्यु




अफ्रिकी मुलुक कङ्गोमा इस्लामिक समूहसँग सम्बन्धित बिद्रोहीले तीन गाउँमा एकैसाथ आक्रमण गरी कम्तीमा १४ जनाको हत्या गरेका छन्।
उत्तर–पश्चिम नर्थ किभु प्रान्तमा राति सात किलोमिटरको क्षेत्रमा बिद्रोहीले हमला गरेको स्थानीय नेता माकाएर सिभिकुनुलाले बताउनुभयो ।
उहाँले भन्नुभयो, "तीन गाउँमा एकसाथ हमला भयो। राति ८ बजेदेखि १० बजेसम्म गोलीबारी भयो। १५ जनाको मृत्यु भयो र १३ घर जले।"
स्थानीय बासिन्दाहरूले पनि यस आक्रमणलाई पुष्टि गरेका छन् । सेनाले दुई जना सैनिकको पनि मृत्यु भएको जनाएको छ । यो समूह प्रारम्भमा युगान्डाका पूर्व बिद्रोहीहरूले गठन गरेका थिए र १९९० दशकदेखि उत्तरपूर्वी कङ्गोमा सक्रिय छन् । यसले हजारौँ सर्वसाधारणको हत्या गरिसकेको छ।
सन् २०२१ देखि युगान्डाका सैनिकहरू कङ्गोको सेनासँग मिलेर यस समूहविरुद्ध लडेका छन्, तर हिंसा रोक्न सफल भएका छैनन्।
बिद्रोही प्रायः असहाय नागरिकमाथि हमला गर्छन् र त्यसपछि जङ्गलतर्फ भाग्छन्।

# रसुवागढीस्थित पुल सञ्चालनमा आएसँगै चिनियाँ समान ढुवानी सहज



**रसुवा।**
सुवागढीस्थित मितेरी पुल बगेको करिब छ महिनापछि सोही ठाउँमा निर्माणाधीन बेलीब्रिज सञ्चालनमा आएसँगै मालवाहक ट्रक तथा डिब्बाको आवतजावत सुरु भएको छ। ल्हेन्दे खोलामाथि बनेको बेलीब्रिज सञ्चालनमा आएको आज दोस्रो दिन २० वटा मालवाहक डिब्बा तथा ट्रक नेपाल भित्रिएको रसुवागढीस्थित सशस्त्र प्रहरी कार्यालयले जनाएको छ।
बिहीबार दिउँसो करिब १२ बजे लत्ताकपडा बोकेको पहिलो मालवाहक डिब्बा नेपाल भित्रिएको जानकारी दिँदै स्थानीय टिमुरे भन्सार कार्यालयले दिनभरीमा ३७ वटा ट्रक तथा डिब्बा नवनिर्मित पुल हुँदै नेपाल भित्रिएको जनाएको छ। टमुरेस्थित भन्सार कार्यालयका प्रमुख तुलसीप्रसाद भट्टराईका अनुसार स्याउ बोकेका आठ, ओखर बोकेका १०, जलविद्युत्का समान बोकेका छ, रेडिमेट सामग्री बोकेका १३ वटा ट्रक तथा डिब्बा बिहीबार नेपाल भित्रिएका हुन्।
रसुवागढी नाकाबाट २३ किलोमिटर उत्तरमा रहेको केरुङबाट यसअघि सामन्यतया लत्ताकपडा, फलफूल, ओखर, विद्युतीय सामग्रीलगायत सामान लिइ दैनिक सरदर २० वटा ट्रक तथा डिब्बा नेपाल भित्रिने गर्दथे।
केरुङबाट करिब पाँच हजार किमी दूरीमा रहेको चीनको 'गोन्झाओ' र 'इयु' क्षेत्र हुँदै चिनियाँ समान नेपालतर्फ ढुवानी हुने गरेको चिनियाँ मुसा ट्रान्सपोर्टका प्रबन्ध निर्देशक ज्याङ सेपिङले जानकारी दिए।
यसैगरी, केरुङबाट करिब ८०० किमीमा रहेको तिब्बतको प्रमुख सहर ल्हासा र करिब ४०० किमी दूरीमा रहेको सिँगत्से हुँदै पनि केही सामान नेपालतर्फ ल्याइने गरेको मुसा कम्पनीले जनाएको छ। गत असारमा ल्हेन्दे खोलामा आएको बाढीले रसुवागढी नाकास्थित पक्की पुल बगाएपछि दुईतर्फी आवतजावत ठप्प हुँदै आएकामा हिजोदेखि बेलीब्रिज सञ्चालनमा आएसँगै ट्रक तथा डिब्बा गुड्न थालेका हुन्। नियमित सामान ढुवानीका क्रममा केरुङमा अड्केका मालवाहक ट्रक तथा डिब्बाहरू छ महिनापछि समान लिइ नेपालतर्फ आउन सुरु गरेको टिमुर भन्सार कार्यालयले जनाएको छ। बिहीबार रसुवागढीमा रहेका २८ वटा मालवाहक डिब्बा समान लिनेक्रममा केरुङतर्फ गएको पनि भन्सार कार्यालयले जनाएको छ।
चिनियाँ सरकारले प्राथमिकतामा राखेको रसुवागढी नाका काठमाडौँबाट पृथ्वीराजमार्गको गल्छी हुँदै रसुवागढीसम्मको दूरी १४८ किमी रहेको छ। लामो समयदेखि सो अन्तरराष्ट्रिय नाका अवरुद्ध हुँदा चिनियाँ सामग्री नेपाल ल्याउन कठिन भएको थियो। रसुवागढीस्थित बेलीब्रिज सञ्चालनमा आएसँगै चिनियाँ सामान नेपाल भित्र्याउन सहज भएको र स्थानीय बजारसँगै सडक क्षेत्रमा चहलपहल वृद्धि भएको रसुवास्थित नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङले जानकारी दिए।
गत असार २४ गतेको बाढीले विशेषगरी बेत्रावतीदेखि रसुवागढी सडकखण्डको विभिन्न स्थानमा सडक बाटो कटान गर्दा सामान ढुवानीमा समस्या सिर्जना भएको उल्लेख गर्दै मालवाहक ट्रक तथा डिब्बा चालकले सडक मर्मतसम्भारमा ध्यान दिन सरकारसँग अनुरोध गरेका छन्। मालवाहक गाडी धनी तथा चालकहरूले बगेको, भत्केको ठाउँमा सडकको ट्र्याक खोल्ने काम पूरा गरेकामा सरकारलाई धन्यवाद दिँदै अब स्तरोन्नतिको कामलाई प्राथमिकता दिन गल्छी–रसुवागढी सडक सुधार आयोजनासँग अनुरोध गरेका छन्। रासस

# व्यवसाय गर्ने सहज वातावरण नभएसम्म अर्थतन्त्र चलायमान हुँदैनः अध्यक्ष ढकाल

**काठमाडौं।**
नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले सहज रुपमा व्यवसाय गर्ने वातावरण नभएसम्म आर्थिक गतिविधि थप चलायमान नहुने बताएका छन्।
शनिबार चितवनमा आयोजित उद्योग बाणिज्य सघ चितवनको ५९औं साधारण सभामा ढकालले अझै पनि उद्योग व्यवसायीहरुलाई हेर्ने दृष्टिकोण राम्रो नभएको भन्दै सहज रुपमा व्यवसाय गर्ने वातावरण नभएसम्म आर्थिक गतिविधि थप चलायमान नहुने बताएका हुन्। जेनजी आन्दोलनका क्रममा निजि क्षेत्रमाथि निकै ठूलो आक्रमण भएकाले त्यसमा संलग्नलाई कारवाहीको दायरामा नल्याएसम्म आगामी दिनमा यस्ता घटना घट्न सक्ने उनले बताए। अध्यक्ष ढकालले निजि क्षेत्रको उद्योग प्रतिष्ठानमा आक्रमण हुन नदिने प्रतिवद्धता प्रधानमन्त्री सुशीला कार्कीले जनाएकाले यस क्षेत्रलाई आवश्यक सुरक्षा दिने काम सरकारले गर्ने विश्वास व्यक्त गरे। कार्यक्रममा उद्योग वाणिज्य सघ चितवनका अध्यक्ष सुमन श्रेष्ठले संघले उद्योगी व्यवसायीहरुको हकहितका लागि निरन्तर क्रियाशिल भएर काम गरेको बताए। साथै उनले उद्योगी व्यवसायीहरुको बिभिन्न समस्या समाधान गर्न संघले स्थानीय, प्रदेश र संघ सरकारको ध्यानाकर्षण गराएको जानकारी दिए। कार्यक्रममा विभिन्न क्षेत्रमा योगदान पु¥याउने व्यक्तिलाई सम्मान गरिएको थियो। साधारणसभाले आगामी दुई वर्षका लागि नयाँ कार्यसमिति समेत चयन गर्नेछ।

# विश्व विद्युतीय सवारी बजारमा चीनको वर्चस्व बढ्दै




अमेरिकी विद्युतीय सवारी निर्माता टेस्लाले सन् २०२५ मा आफ्ना विश्वव्यापी सवारी डेलिभरी अघिल्लो वर्षको तुलनामा करिब आठ दशमलव छ प्रतिशतले घटेको शुक्रबार जनाएको छ । यससँगै वार्षिक विद्युतीय सवारी बिक्रीमा चीनको बीवाईडीले पहिलो पटक टेस्लालाई उछिनेको छ ।
कम्पनीका तथ्यांकअनुसार टेस्लाले सन् २०२५ मा करिब सोह्र लाख पचपन्न हजार विद्युतीय सवारी उत्पादन गरेको थियो भने करिब सोह्र लाख छत्तीस हजार सवारी डेलिभर गरेको थियो । सन् २०२४ मा भने कम्पनीले करिब सत्र लाख त्रिहत्तर हजार सवारी उत्पादन र सत्र लाख उनान्नब्बे हजार सवारी डेलिभर गरेको थियो।
अमेरिकामा विद्युतीय सवारी खरिद गर्न प्रोत्साहन दिने कर छुट सन् २०२५ को सेप्टेम्बरमा हटाइएपछि टेस्लाको बिक्रीमा नकारात्मक असर परेको कम्पनीले जनाएको छ । सन् २०२५ को चौथो त्रैमासिकमा टेस्लाले करिब चार लाख चौँतीस हजार सवारी उत्पादन गरेको थियो भने चार लाख अठार हजारभन्दा बढी सवारी डेलिभर गरेको थियो । यो सङ्ख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिब सोह्र प्रतिशतले कम हो।
यसैबीच, चिनियाँ कम्पनी बीवाईडीले सन् २०२५ मा विश्वव्यापी रूपमा करिब बाइस लाख सत्तावन्न हजार विद्युतीय सवारी बिक्री गरेको जनाएको छ, जुन अघिल्लो वर्षको तुलनामा करिब सत्ताइस दशमलव छ प्रतिशतले बढी हो ।
बीवाईडीका अनुसार चीनबाहिर एशिया, युरोप र ल्याटिन अमेरिकाजस्ता बजारमा पनि यसको बिक्री तीव्र रूपमा बढिरहेको छ । टेस्ला अझै पनि अमेरिकाको सबैभन्दा ठूलो विद्युतीय सवारी निर्माता कम्पनी हो र घरेलु विद्युतीय सवारी बजारको करिब पैँतालीस प्रतिशत हिस्सा ओगटेको छ । तर, बिक्री घट्दै जानुले अमेरिकी विद्युतीय सवारी बजारमा समग्र सुस्तता देखिएको संकेत गरेको छ।
अटोमोबाइल अनुसन्धान संस्था कक्स अटोमोटिभका अनुसार सन् २०२५ को नोभेम्बरमा अमेरिकामा सबै ब्रान्डका विद्युतीय सवारी बिक्री अघिल्लो वर्षको तुलनामा चालीस प्रतिशतभन्दा बढीले घटेको
थियो । उद्योग विश्लेषकहरूका अनुसार सन् २०२६ मा पनि अमेरिकामा विद्युतीय सवारी बिक्री कमजोर नै रहने अनुमान गरिएको छ।रासस

# रुसी सेनामा रहेका बैतडीका युवकको मृत्यु

**बैतडी ।**
रुसी सेनामा भर्ती भएर रुस–युक्रेन युद्धमा संलग्न बैतडीको मेलौली नगरपालिका–७ काँडाका ३३ वर्षीय मनोजसिंह भाटको मृत्यु भएको पुष्टि भएको छ ।
करिब दुई वर्षअगाडि रुसी सेनामा भर्ती भएका भाट केही समयदेखि सम्पर्कविहीन भएकामा 'डिएनए' परीक्षणबाट भाटको मृत्यु भएको जानकारी आएका मेलौली नगरपालिका–७ का वडाअध्यक्ष रामचन्द्र भट्टले बताए ।
भाटको कहिले मृत्यु भएको हो भन्नेबारे यकिन विवरण प्राप्त नभए पनि हालै मृत्यु भएको खबर परिवारलाई दिइएको उनले जानकारी दिए ।
मृतक भाटको घरमा आमा–बुबा, भाइ र श्रीमती छन् । भाटसँगै रुसी सेनामा भर्ना भएका मेलौली नगरपालिका–९ असुरका अर्जुनदत्त भट्टको पनि गत वैशाखमा मृत्यु भएको थियो । सोही समयदेखि भाटको खोजी भइरहेको थियो ।

# स्कार्पियो र मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

सिरहा, १९ पुसः पूर्व–पश्चिम हुलाकी सडकअन्तर्गत सिरहाको बरियारपट्टि गाउँपालिका–१ नरगी खण्डमा आज भएको मोटरसाइकल र स्कार्पियो एकापसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ ।
बाक्लो कुहिरोका कारण पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको स ६ प ८६१ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको बा प्रदेश ०१–०७२ ब ००८२ नंको स्कार्पियो आपसमा ठोक्किँदा दुर्घटना भएको प्रहरीले जनाएको छ ।
दुर्घटनामा नरगी गाउँका करिब २३ वर्षीय मोटरसाइकल चालक मो नदिम अन्सारी गम्भीर घाइते भएकामा उपचारका क्रममा मृत्यु भएको हो । मोटरसाइकलमा सवार करिब २२ वर्षीय सैतुल्ला मियाँसहित दुवै जनालाई तत्काल उद्धार गरी सदरमुकाम सिरहास्थित सहजा अस्पतालका लागि लगिएको थियो ।
उपचारका क्रममा अन्सारीको केही समयपछि मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिनुभयो । मियाँको सोही अस्पतालमा उपचार भइरहेको छ ।
प्रहरीका अनुसार दुर्घटनापछि स्कार्पियो सडकबाट तल पल्टिएको थियो भने मोटरसाइकल पूर्ण रूपमा क्षतिग्रस्त भएको छ ।

# बलियो, अनुभवीर स्वीकार्य नेतृत्व आवश्यकः महासचिवपोखरेल

एमाले उपत्यकाविशेषप्रदेश कमिटीको ११औँ राष्ट्रिय महाधिवेशनजनपरिचालन भेलाआजयहाँ सम्बोधनगर्दैउनले अहिले राष्ट्र र पार्टीको आन्दोलनमाथिचुनौतीभएकाले त्यसलाई सामनागर्नका लागिबलियो, अनुभवीर स्वीकार्य नेतृत्वआवश्यक रहेको बताए ।
"अहिलेकाचुनौतीलाई सामना गरेर अनुकूल परिस्थितिनिर्माण गरिसकेपछि नेतृत्वमाआउने चाहने हामीहरु फेरि प्रतिस्पर्धा गरौला," उनले भने, "तर अहिलेको समयचुनौतीलाई सामनागर्नेबलियो नेतृत्व पार्टीमाचाहिएको छ ।"
महासचिवपोखरेलले पार्टीमा रहर गर्ने साथीहरुलाई प्रतिस्पर्धा खुला रहेको समेत बताउनुभयो ।उहाँले पार्टीको तल्लो कार्यकर्ता तहभन्दामाथिल्लो तहमा समस्या रहेको बताए ।"सङ्कट आउँदामाथिल्लो नेतृत्वतहविचलित हुन्छ । तर जतितलतहआयो त्यो सङ्कट समाधान हुन्छ,"उनले भन ।उनले कार्यकर्ताले पार्टीको रक्षागर्नेबताए ।
महासचिवपोखरेलले पार्टीले बनाएकानीतिअहिलेकाचुनौती समानागर्न प्रभावकारी स्पष्ट दृष्टिकोण रहेको बताए ।उपत्यकाकाप्रदेश कमिटीका इन्चार्ज सुजिताशाक्यले अहिले नेतृत्वलाई बलियो बनाएर जाने बताए । कमिटीका अध्यक्ष प्रेम पराजुलीमहाधिवेशन सफलबनाउन सबै लाग्नुपर्नेबताए ।रासस

# कर्णालीमा स्याउ विकास बोर्ड गठन हुँदै



**सुर्खेत ।**
स्याउ उत्पादनलाई प्रवद्र्धन गर्ने उद्देश्यले कर्णाली प्रदेश सरकारले स्याउ विकास बोर्ड गठनको तयारी थालेको छ । यसका लागि नीतिगत तथा कानुनी कामहरु भइरहेको प्रदेश सरकारले जनाएको छ ।
कर्णालीमा उत्पादित स्याउको बजारीकरण गरेर आर्थिक लाभ लिन बोर्ड गठनको तयारी थालिएको हो । सरकारले बजेट भाषणमै बोर्ड गठन गर्ने जनाएको थियो । प्रदेश सरकारका साथै जिल्लास्थित स्थानीय र सङ्घ सरकारबाट पनि स्याउ विकास बोर्ड गठनका लागि सहायक कामहरु भइरहेका छन् । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइमार्फत जिल्लाहरुमा काम भइरहेको जनाइएको छ । आयातित स्याउलाई विस्थापित गरेर कर्णालीकै स्याउले बजार पाउने सुनिश्चित गर्ने प्रदेश सरकारले बताउँदै आएको छ ।
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आगामी माघदेखि सञ्चालन हुने प्रदेश सभाको हिउँदे अधिवेशनमा पेस गर्ने गरी बोर्ड गठनसम्बन्धी विधेयकको मस्यौदा तयारी गरिरहेको छ । बोर्डको विधेयकको मस्यौदा तयार भइरहेको र जिल्लाका कृषकहरूसँग आवश्यक विवरण माग गर्नेलगायतका काम भइरहेको मन्त्रालयका योजना महाशाखा प्रमुख तिलक पाण्डेले जानकारी दिए ।
जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालीकोटमा ठूलो परिमाणमा स्याउ उत्पादन हुने गरेको छ । सरकारले बोर्डको कार्यालय सबै जिल्लालाई पायक पर्ने गरी जुम्लामा राख्ने तयारी गरेको मन्त्रालयले जनाएको छ । कर्णालीमा तीन हजार ८० हेक्टर क्षेत्रफलमा स्याउखेती हुने भए पनि हाल दुई हजारभन्दा बढी हेक्टरमा स्याउखेती हुँदै आएको छ ।
ह्रासोन्मुख बगैँचा सुदृढीकरण गर्दै स्याउ, ओखर र सुन्तलाखेतीलाई विशेष कार्यक्रमका रूपमा कार्यान्वयन गर्न लागिएको प्रदेश सरकारले जनाएको छ । उक्त कार्यक्रम कार्यान्वयनका लागि चालु आर्थिक वर्षमा १४ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

# भुटनदेवी टोल विकासको आफ्नै भवन बन्दै नेतृत्वमा पुनः कडेल

**हेटौँडा।**
हेटौँडामा टोल विकास संस्थाहरु सबल हुँदै गएका छन्।
वडाभित्रका टोलको समस्या समाधान, पूर्वाधार विकास र टोलबासीलाई सुविधाका लागि टोल विकास संस्थाहरु अपरिहार्य जस्तै देखिएको छ।
हेटौँडाको वडा नम्बर १० मा रहेको भुटनदेवी टोल विकास संस्था पनि टोल विकासका लागि हेटौँडाका टोल विकास संस्थाहरुमा अब्बल देखिएको छ।
संस्थाले शनिबार २५ औँ साधारण सभा गर्दै आफ्नै भवन बन्न लागेको जनाएको छ।
संस्थासँग २५ लाख रुपैयाँ भन्दा बढी रकम पनि मौज्दात छ। टोल विकास संस्थाहरुले टोलको विकासका लागि वडा सरकारलाई बजेट निर्माणमा पनि महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्दै साधारण सभाका वक्ताहरुले शुभकामना दिए।



हेटौँडा वडा नम्बर १० का वडाध्यक्ष फुर्वा दोर्जे लामाले टोल विकास संस्थामा नेतृत्व गर्नेहरु नै भावी जनप्रतिनिधिका रुपमा स्थापित हुने गरेको बताए।
टोल विकास संस्था समन्वय समिति हेटौँडाका उपमहासचिव देवकुमार श्रेष्ठले वडाको विकासको मेरुदण्ड नै टोल विकास संस्था हुने भएकाले योजना निर्माण र बजेटमा टोल विकास संस्था प्रभावकारी हुनु पर्ने बताए । संस्थाकी अध्यक्ष माया देवी कडेलको अध्यक्षतामा भएको कार्यक्रममा जेष्ठ नागरिकहरुलाई सम्मान गरिएको थियो । यस्तै, अतिथिहरुलाई खादाको सट्टा राष्ट्रिय झण्डा ओढाएर सम्मान गरिएको थियो । कोषाध्यक्ष बिमला विष्टले आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन्।
संस्थाको साधारण सभाले पुनः माया देवी कडेलकै अध्यक्षतामा नयाँ समिति निर्वाचित गरेको छ।
समितिमा उपाध्यक्षमा सम्झना थापा, सचिवमा रामबाबु साह, सहसचिवमा हरि केसी, कोषाध्यक्षमा बिमला विष्ट चयन भएका छन् । यस्तै, सदस्यहरुमा मथुराबाबु शाक्य, सरिता बलामी, कमला आचार्य, कृष्णमाया रुम्बा, सुशील न्यौपाने र मदन लामालाई चयन गरेको छ।

# जेन्जी आन्दोलनका शहीदः ज्याला–मजदुरीदेखि देशका लागि बलिदान

**रामहरि न्यौपाने**
**नुवाकोट ।**
नुवाकोटको पञ्चकन्या गाउँपालिका–२, कविलास निवासी ९० वर्षीया मानकुमारी राईको अन्तिम आशा यही छ, 'देशका लागि छोराले गरेको बलिदानीले सबैको राम्रो होस् ।' कठेरीस्थित आफ्नै सन्तानका आठ–दश घरले भरिएको बस्तीको बीचमा भूकम्पपछिको सरकारी अनुदानमा निर्माण भएको सानो एककोठे घरमा उनको बसोबास छ । १५ सन्तान र ४१ नाति–नातिनाको अभिभावक भए पनि मानकुमारीको जीवन बाँच्ने सहारा भने कान्छा छोरा लच्छुमान नै थिए ।
सामाजिक सञ्जालमाथिको प्रतिबन्ध, राजनीति र अर्थतन्त्रमा देखिएको असमानता, अन्याय र अपारदर्शिताका विरुद्ध जेनेरेसन–जेड (जेन्जी) युवाको आह्वानमा काठमाडौँमा भएको शान्तिपूर्ण प्रदर्शनमा ३९ वर्षीय लच्छुमान राई शहीद भए । आठ छोरा र सात छोरीमध्येका कान्छा लच्छुमानले राष्ट्रका लागि दिएको बलिदानलाई पत्याउन नसकेका आमाको मनमा अझै पनि छोरा घर फर्कने आशा मरेको छैन । घरमा पुग्ने जो कोहीलाई 'लच्छु आयो कि !' भन्ने आशामा मन तानिन्छ । अनि टक्क रोकिएर सम्हाल्न पुग्छिन्, 'बाबु त देशका लागि बोल्दाबोल्दै कहिल्यै नबोल्ने भइसक्यो ।'
गत भदौ २३ मा काठमाडौँमा भएको शान्तिपूर्ण प्रदर्शनमा राज्यबाट गरिएको बर्बर दमनको भोलिपल्ट भदौ २४ गतेको विरोधमा लच्छुमान गम्भीर घाइते भए । टाउकोमा गोली लागेर ढल्नुभएका उनलाई कस्ले ट्रमा सेन्टर पु¥यायो थाहा छैन । अस्पताल पुग्दा उनको होस नै थिएन । अन्तिम बोली कति बेला अवरुद्ध भयो थाहै भएन । त्यही कारण घरपरिवारमा खबर आउन चार दिन लाग्यो ।
उनी घाइते भएको अपुष्ट खबर घरमा २७ गते साँझ आयो । भोलिपल्टै अस्पताल पुगेकी आमाले छेदविच्छेद बनेको छोराको अनुहार हेर्न सक्ने अवस्था नै थिएन । च्याप्प खुट्टा समातेर भनिन्, 'यो त लच्छु हो ।' सुम्सुमाउँदै छोरालाई अँगाल्न खोजेकी मानकुमारीलाई रोक्दै चिकित्सकले आश्वस्त पार्दै भने, 'आमा, तपाईंको छोरालाई केही दिनमा ठीक हुन्छ ।' यही आश्वासनका कारण उनले आजसम्म छोराको मृत्युलाई पत्याउन सकेकी छैनन् । छोरा ठीक हुने त्यो 'केही दिन' कहिल्यै आएन । अन्ततः असोज १३ गते फूलपातीका दिन लच्छुमानले यो संसार सधैँका लागि छाडे ।
साधारण लेखपढ मात्रै गरेका लच्छुमान सानै उमेरदेखि अन्याय र अत्याचारविरुद्ध असाधारण साहसका साथ उभिन्थे । न्याय, समानता र परिवर्तनप्रतिको उनको चेतना गहिरो थियो । घरको कमजोर आर्थिक अवस्था, आम्दानीको स्थायी स्रोतको अभावपछि उन आठ वर्षअघि राजधानी काठमाडौँ भए । उमेरले ९० वर्ष पार तर, नागरिकतामा ८२ वर्ष उल्लेख गरिएको आमा मानकुमारीलाई छोराले काठमाडौँ किन गएको भन्ने प्रश्नको उत्तर कहिल्यै दिएनन् ।
सात–सात जना छोराछोरी पछि अर्थात् पन्ध्रौँ सन्तानका रूपमा जन्मेका लच्छुमान परिवारको सबैभन्दा कान्छा सदस्य हुन् । मेलापर्म र ज्यालामजदुरी गरेर घर चलाउँदै आएका लच्छुमान २०७२ सालको भूकम्पको पुनर्निर्माण कार्य सम्पन्नपछि गाउँघरमा गुम्दै गएको रोजगारी र विवाहपश्चात् थपिएको आर्थिक जिम्मेवारीले विदेशको यात्राको तयारी थियो । बाध्यताले विदेशको बाटो देखाए पनि मनले पनि मानिरहेको थिएन । दाजुभाइसँगको सल्लाहमा उनले परिवारको उज्ज्वल भविष्य र रोजगारीको खोजीमा श्रीमती र छोरीसहित काठमाडौँ पसेर ज्याला–मजदुरी गर्न थाले ।
निर्माण क्षेत्रमा ज्यालामजदुरी गरेर पाउने आम्दानीले घरखर्च चलाउनु उनको बाध्यता थियो । बुबाआमाको दुःखमा हुर्कनुभएका उनले जति गर्नुपर्ने दुःख आफू गरेर हुर्कंदै गरेको आफ्नो छोरी र अनि यो देशका सन्ततिले भने त्यस्तो दुःख कहिल्यै पाउन नपरोस् भन्ने चाहन्थे । यही सपना पूरा गर्ने पारिवारिक जिम्मेवारीको आर्थिक भारले थिचिए पनि अन्यायको विरुद्ध आवाज उठाउन समय मिल्नासाथ उन यस्तै अवसरको खोजीमा लाग्थे । जेन्जी आन्दोलन उनको ती लक्ष्य र सपनाका लागि योगदान गर्ने अवसर बन्यो । परिवर्तनका लागि उनको बलिदानीमा राष्ट्रले गर्व गरेको छ ।
दैनिक ज्यालादारीबाट भएको सामान्य आम्दानीले लच्छुमानको दैनिकी त चल्थ्यो तर उनको मनको पीडा भने कहिल्यै स्थिर हुन सकेन । उनका आँखामा सपनाहरू धेरै थिए । त्यसमध्ये ती सपनाको मूल केन्द्रमा श्रीमतीको साथ र छोरीको उज्ज्वल भविष्य थियो । दुर्भाग्यवश, काठमाडौँ पसेको दुई वर्ष नपुग्दै श्रीमती छोरीसहित अर्कैसँग विवाह गरेर गइन् । त्यसपछिका दिनमा पनि लच्छुमानमा छोरीप्रतिको माया भने कहिल्यै कम भएन । वृद्ध आमाको सेवा र पालनपोषणको जिम्मेवारी पूरा गर्दै जीवनलाई नयाँ आशा र परिकल्पनामा अघि बढाउँदै उनले आफ्ना सम्पूर्ण दुःखहरू मौन रूपमा दैनिक ज्यालामजदुरीमा पोख्दै आएका थिए । पीडामाथि संयम र सपनामाथि विश्वास राख्दै जीवन बाँचेका लच्छुमानको जीवन आज परिवर्तनको आन्दोलनमा समर्पित एउटा बलिदान बनेको छ ।
वृद्ध आमाले लच्छुमानलाई अर्को विवाहका लागि बारम्बार आग्रह गर्दै आउनुभएको थियो । साथीभाइले पनि दबाब दिइरहेका थिए तर उनले ती सबै प्रस्ताव अस्वीकार गर्दै आफू, परिवार र देशमा न्याय र परिवर्तनको पक्षमा अडिग रहने निर्णय लिए । 'श्रीमती त गइन्, तर छोरी त मेरो रगत हो,' भन्ने भावनाले भरिएको उनको मनमा छोरीलाई आफैँ हुर्काएर असल मान्छे बनाउने दृढ चाहना थियो । उनको त्यही अधुरो सपना पूरा गर्नुपर्ने जिम्मेवारी आएको छ । उनको बलिदानीले आम युवाको भावना र देशप्रतिको जिम्मेवारीलाई एक मूर्तरूप दिएको छ । परिवर्तनको पक्षमा उभिएका हजारौँ युवाको आवाजसँगै आन्दोलनबाट गठन भएको वर्तमान सरकार र सचेत युवा पुस्ताको काँधमा अहिले त्यो अधुरो सपना पूरा गर्ने ऐतिहासिक जिम्मेवारी आएको छ ।
जेन्जी आन्दोलनमा सहादत प्राप्त गर्नेलाई सरकारले गत कात्तिक १७ मा शहीद घोषणा गर्दै परिवारलाई १५ लाख रुपैयाँ क्षतिपूर्ति दिने निर्णय भएको दुई महिना बित्यो । उनको नाममा परिवारले पाउने क्षतिपूर्ति रकम जिल्ला प्रशासन कार्यालय नुवाकोटको बैङ्क खातामा छ । रकम निकाल्न श्रीमती र छोरी पहिलो हकदार हुने कानून छ । श्रीमती अरूसँग गए पनि क्षतिपूर्ति रकमसहित पाउने अन्य सेवासुविधामा छोरीको हक हुने कानूनी व्यवस्था रहेको सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद हुमागाईंले जानकारी दिए । सुविधाका लागि परिवारले छोरीको खोजी गर्न प्रहरीको सहयोगमा पुग्दा लच्छुमानको श्रीमती अर्कैसँग गएको र छोरीलाई पनि अर्कै व्यक्तिलाई बुबा बनाएर जन्मदर्तासहितका कागजात बनाएको बताइएको छ ।
शहादत प्राप्त गर्नुअघि झण्डै १९ दिनसम्म लच्छुमान राईको ट्रमा सेन्टरको सघन उपचार कक्ष (आइसियु)मा उपचार भएको थियो, जसको मुख्य खर्च सरकारले व्यहोरेको थियो । तर, अस्पताल बाहिरबाट खरिद गरिएका औषधि, परीक्षणलगायत अन्य व्यवस्थापनको खर्च जुटाउने क्रममा ऋणमाथि ऋण थपिँदै गयो । लच्छुमानका दाजु राजु राईले दुःख पोख्दै भने, 'सरकारी उपचार बाहेकका खर्च आफैँ जुटाउनुप¥यो, भाइको उपचारका क्रममा लागेको ऋण अझै तिर्न बाँकी छ ।'
सामाजिक अभियन्ता आशिका तामाङले अन्त्येष्टिका लागि अभाव भएको खर्च टार्न थप दिनुभएको एक लाख नगदले उनहरुलाई ठूलो राहत मिलेको छ । 'शहीद परिवारको एकजना सदस्यले रोजगारी पाउने भन्ने सुनेका छौँ,' लच्छुमानका अर्का दाजु चन्द्रबहादुर भन्छन्, 'परिवारका केहीले गाडी चलाएर खर्च पु¥याउँदै आएका छौँ । बाँकी खेती किसानी र ज्यालामजदुरी गर्छौँ । जानेको सीप केही छैन । पढाइ कसैको छैन । राज्यले जे गरिदिए पनि हाम्रो लागि त्यो नै राम्रो हुनेछ ।'
देशमा जेन्जी युवाहरुको बलिदानीबाट सुरु भएको परिवर्तनका थुप्रै आयाममध्ये आगामी फागुन २१ गतेको आमनिर्वाचन पनि एक महत्वपूर्ण हो । तर चुनावी माहोलले शहीद लच्छुमानको परिवारलाई भने छोएको छैन । उनको वृद्ध आमा, दाजुभाइहरु अहिले पनि कमजोर आर्थिक अवस्थाबीच जीवन गुजारिरहनुभएको छ । साहुबाट लिएको ऋण र त्यसको ब्याजको भारी बोकेर बस्नुपरेको छ । खानेपानीको चरम अभाव छ । सडक सुविधा छैन । बालबच्चालाई विद्यालय पठाउनु त परै जाओस्, जीविकोपार्जनका लागि उनीहरूलाई समेत ज्यालामजदुरीमा लगाउनुपर्ने बाध्यता रहेको लच्छुमानका दाजु चन्द्रबहादुर राईले गुनासो गरे । उनले भने, 'आफ्नो जग्गाको खेतीको आम्दानीले तीन महिना पनि पुग्दैन । बाँकी समय ज्यालामजदुरी गरेर बाँच्नुपरेको छ ।' अबको निर्वाचनका उम्मेदवारले आफ्ना कुरा बुझ्छन् कि भन्ने आशा उनीहरुको छ ।
रासस

# ताप्लेजुङबाट योगेश भट्टराईसहित ५ जनाको नामसिफारिस



**ताप्लेजुङ ।**
फागुन २१ गतेकालागि तय भएको प्रतिनिधिसभा सदस्यनिर्वाचनकालागिनेकपा (एमाले) ले ताप्लेजुङबाट एमाले उपसचिवयोगेश भट्टराईसहितपाँचजनाको नामसिफारिस भएको छ ।
एमाले जिल्ला कमिटी शनिबार बसेको बैठकले भट्टराईसहितकेन्द्रीय सदस्यद्वयतिलकुमार मेन्याङ्बो र क्षितिजथेबे, टङ्क आङ्बुहाङ र भीमादेवीओझा सिफारिस भएकाहुन् । भट्टराई २०७९ सालको निर्वाचनमानिर्वाचितभएकाथिए । मेन्याङ्बो हालकोशीप्रदेशकाप्रदेशसभा सदस्यहुन् ।ओझा फुङ्लिङ नगरपालिकाकीउपप्रमुखहुन् भने आङ्बुहाङ पूर्व कोशीप्रदेशसभा सदस्यतथापूर्वमन्त्रीहुन् ।थेबे राष्ट्रिय युवा सङ्घ नेपालकाअध्यक्षहुन् ।
नेपालीकांग्रेसले भने जिल्ला सभापतिगजेन्द्र तुम्याहाङ र नेपाली कम्युनिस्ट पार्टीले खेलप्रसाद बुढाक्षेत्री (पराग) को एकलनामसिफारिस गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चलगायतकादलले भने प्रत्यक्षतर्फका उम्मेदवारको नामसिफारिस गरिसकेका छैनन् ।

# वैष्णवी बचत तथा ऋण सहकारी संस्थाको १६औँ वार्षिक साधारण सभा सम्पन्न




**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
वैष्णवी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औँवार्षिक साधारण सभाजनकपुरधाममा सम्पन्नभएको छ। जनकपुरधामउद्योग वाणिज्य संघको सभाहलमाशनिबार सम्पन्न साधारण सभामा संस्थाको वार्षिक प्रगति, आर्थिक अवस्था र भावीयोजना सम्बन्धी विषयमा व्यापक छलफल गरिएको थियो।

साधारण सभाका प्रमुख अतिथि समाजसेवी दिनेश शर्माले सहकारीको महत्वबारे प्रकाशपार्दै"आजकालागिहो इन, भोलिकालागि बचत गर्नुपर्छ। आजको सानो–सानो बचत नै भोलिको ठुलो सहारा हो"भन्दै बचत गर्नेबानीको विकास गर्न आग्रह गर्नुभयो। उहाँले सहकारीमार्फत सामूहिकभावना, सहकार्य रआपसीविश्वासको विकास हुने उल्लेखगर्दै सदस्यहरूले आफ्नो पैसाको उचित व्यवस्थापनगर्न सक्नुपर्नेधारणा राख्नुभयो। साथै, सहकारी संस्थाबाट सुलभ र सहज रुपमा ऋण उपलब्धहुने भएकाले आर्थिक सशक्तीकरणमा सहकारीको भूमिका महत्वपूर्ण रहेको उहाँको भनाइथियो।

कार्यक्रममा संस्थाकाप्रमुख कार्यकारी अधिकृत जयनाथ मण्डलले वार्षिक प्रतिवेदन प्रस्तुतगर्दैमुलुकमा पछिल्लो समयदेखिएको आर्थिक संकट र उतार–चढावका बाबजुदपनि संस्थाले आफ्ना सदस्यहरूलाई निरन्तर र प्रभावकारी सेवादिन सफलभएको बताउनुभयो। दक्षव्यवस्थापनर सेवामुखी कार्यशैलीका कारण सदस्य सेवामाकुनै प्रकारको बाधाआउननदिएको उहाँले उल्लेख गर्नुभयो।

उहाँले संस्थाले सदस्यहरूलाई प्रभावकारी, गुणस्तरीय, सर्वसुलभ तथावित्तीय–गैरवित्तीय सेवाप्रदानगर्न अत्याधुनिकप्रविधिमाआधारित कोर बैंकिङ सिस्टम, मोबाइलबैंकिङ र एसएमएस बैंकिङ सेवा सञ्चालनमा ल्याइसकेको जानकारी दिनुभयो। सो अवसरमा उहाँभावुकहुँदै संस्थाकापूर्व अध्यक्ष स्व. महेन्द्र मण्डलप्रति श्रद्धासुमन अर्पण गर्नुभएको थियो।

साधारण सभामा२०८१ साउन १ देखि २०८२ असार ३२ सम्मको आय–व्यय विवरण प्रस्तुत गरिएको थियो। विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ मा संस्थाले ८९ लाख ६६ हजार ३ रुपैयाँनाफाआर्जन गरेको थियो भने आर्थिक वर्ष २०८१/०८२ मानाफा बढेर २ करोड २२ लाख १४ हजार ११७ रुपैयाँपुगेको छ। यसले संस्थाको आर्थिक अवस्थाथप सुदृढ हुँदै गएको संकेत गरेको छ।

हालवैष्णवी बचत तथा ऋण सहकारी संस्थाले चारवटा सेवाकेन्द्रमार्फत सेवाप्रदानगर्दैआएको छ। पहिलो सेवाकेन्द्र जनकपुरधामस्थितभानु चौकमा रहेको छ। दोस्रो सेवाकेन्द्र विदेह नगरपालिकाको तिनकौरीमा, तेस्रो सेवाकेन्द्र धनुषाधामनगरपालिका–३ स्थित धनुषाधाममातथाचौथो सेवाकेन्द्र हंसपुर नगरपालिका–३ को बेल्ही चौकमा सञ्चालनमा रहेको छ। १६औँ वार्षिक साधारण सभामा विशिष्ट अतिथिहरूमा केन्द्रीय पशुपन्छी तथामत्स्य सहकारी संघकी उपाध्यक्षविमला साह, ओम शान्ति साकोसका पूर्व अध्यक्ष रामशंकर पासवान, आस्था साकोस जनकपुरधामका प्रमुखकार्यकारी अधिकृत नवीनकुमार कर्ण, नेपालपत्रकार महासंघ धनुषाका सह–सचिवअर्जुन मण्डल लगायतको उपस्थिति रहेको थियो। साथै संस्थाकाशेयरधनी सदस्यहरू, कर्मचारीहरू तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

साधारण सभाले संस्थाको आर्थिक प्रगति, सेवाविस्तार र प्रविधिमैत्री व्यवस्थापनप्रति सन्तोष व्यक्तगर्दै आगामीदिनमा सदस्य–केन्द्रित सेवा अझ प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ।

# पत्नी हत्या प्रकरणमा शाखा अधिकृत जेल चलान



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४ घर भएकी रोशनी झा हत्याको अनुसन्धानको क्रममा पक्राउ परेका ४ जना मध्ये ३ जनालाई धनुषा जिल्ला अदालतले धरौटी र साधारण तारेखमा रिहा गरेको छ । जिल्ला अदालतको इजलास नं १ का न्यायाधीश सुभाषबाबु पुरीको एकल इजलासले अनुसन्धानको क्रममा पक्राउ परेका मृतक रोशनीका श्रीमान् प्रशान्त मिश्रलाई पूर्व पक्षका लागि थुनामा पठाएको छ भने नातामा पर्ने डा. धिरज झालाई १ लाख धरौटी लिएर छाड्ने आदेश भएको हो ।

यसैगरी प्रहरीले किटानी जाहेरीको आधारमा अनुसन्धानका लागि मङ्सिर २३ गते पक्राउ गरेका प्रशान्त मिश्रका भिनाजु सच्चिन झा र भान्जा वर्ष १४ का प्रतीक झालाई साधारण तारेखमा छाड्नका लागि अदालतले आदेश दिइएको धनुषा जिल्ला अदालतले जनाएको छ ।

मङ्सिर १२ गते बिहीबारका दिन रोशनी झाको शङ्कास्पद मृत्युलाई लिएर माइती पक्षले हत्या भन्दै विभिन्न चरणको आन्दोलन गरेपछि प्रहरीले अनुसन्धान बढाउनुका साथै पिडित पक्षको जाहेरीको आधारमा चार जनालाई अनुसन्धानका लागि पक्राउ गरेका थिए ।

माइती पक्षले जिल्ला प्रकरी कार्यालय अगाडी, जनक चोक तथा धनुषा जिल्ला अदालत अगाडी पनि रोशनीलाई न्याय देऊँ भन्दै धर्ना तथा प्रदर्शन गरेका थिए । रोशनी हत्या काण्डमा पक्राउ परेका मध्ये प्रतीक झा १५ वर्षका रहेकाले वाल इजलासमा मुद्दाको सुनुवाई भएका थिए ।

उता पूर्व पक्षका लागि थुनामा गएका रोशनीका श्रीमान् प्रशान्त मिश्र मधेश प्रदेश सरकारको नीति तथा योजना आयोगमा शाखा अधिकृत पदमा कार्यरत छन् । दाइजोका कारणले पटकपटक विवाद हुने गरेको पिडित रोशनीका माइती पक्षले दाबी गर्दै आएको छ ।

# सहकारी मन्त्रीले मानव सेवा आश्रमलाई व्यक्तिगत सहयोग गर्ने

**मधेशद्दष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम पटेलले वीरगंजमा निर्माणाधीन मानव सेवा आश्रम वीरगंज शाखाको आफ्नै भवन निर्माणमा व्यक्तिगत तर्फबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

शनिबार वीरगंजमा आयोजित मानव सेवा आश्रम वीरगंज शाखाको ८औँ वार्षिकोत्सव समारोहमा मन्त्री पटेलले आश्रमको सेवा कार्यप्रति उच्च प्रशंसा व्यक्त गरे । उनले भवन निर्माणसँगै आश्रमको दिगो सञ्चालनका लागि आवश्यक सहयोग गर्न सधैँ तयार रहनेसमेत स्पष्ट पारे ।

मन्त्री पटेलले देशभर सञ्चालनमा रहेका मानव सेवा आश्रममा राज्यको प्रत्यक्ष सहयोग न्यून रहेको र समाजसेवी, दाता र स्वयंसेवकहरूको योगदानकै कारण यस्ता आश्रम निरन्तर चलिरहेको बताए । कार्यक्रममा मानव सेवा आश्रम वीरगंज शाखाका संस्थापक संरक्षक तथा मधेश विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. दीपक शाक्य, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बञ्जारा, मानव सेवा आश्रम वीरगंजका संस्थापक देवेश गुप्ता लगायत विभिन्न सामाजिक व्यक्तित्वहरूको उपस्थिति थियो ।

# सिद्धार्थ माविलाई नेपाल लाइफ इन्स्योरेन्सको ५० लाख

**मधेशद्दष्टि**
**वीरगंज ।**
नेपाल लाइफ इन्स्योरेन्सको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत शुक्रबार सिद्धार्थ मावि चिनीकारखाना वीरगंजलाई विद्यालयको विकासका लागि पचास लाख रुपैयाँ सहयोग गरिएको छ । सिद्धार्थ माविमा इन्स्योरेन्सका निर्देशक कमलेश कुमार अग्रवालले विद्यालयका प्रधानाध्यापक विनोद मेहतालाई ५० लाखको चेक हस्तान्तरण गरे ।

यस्तो सहयोग गरेकामा विद्यालयलका प्रधानाध्यापक मेहताले हार्दिक धन्यवाद तथा आभार प्रकट गरे । कार्यक्रममा इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत रामानन्द पराजुली, उप मुख्य कार्यकारी अधिकृत अमित कुमार क्याल, प्रदेश प्रबन्धक रोशन यादव, विद्यालयका शिक्षक कर्मचारीलगायतको उपस्थिति थियो । यस्तो सहयोगले माध्यमिक तहका विद्यालयको विकासमा सहयोग पुग्ने इन्स्योरेन्स कम्पनीले अपेक्षा गरेको छ ।

# रौतहटमा जाली नोट नियन्त्रणका लागि राष्ट्र बैंकको अभियान

**आरके श्रीवास्तव**
**रौतहट ।**
नेपाल राष्ट्र बैंक वीरगंज कार्यालयको आयोजनामा तथा नेपाल राष्ट्र बैंक कर्मचारी सङ्घ, वीरगंज समितिको सहकार्यमा रौतहटको राजदेवी नगरपालिकास्थित ब्रहमपुरी गाउँमा जाली नोट पहिचानसम्बन्धी वित्तीय साक्षरता कार्यक्रम भएको छ ।

कार्यक्रममा स्थानीय महिला, वृद्धवृद्धा तथा वित्तीय साक्षरतामा कम पहुँच भएका समुदायका व्यक्तिहरूको उल्लेख्य सहभागिता थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंक वीरगंज कार्यालयका सहायक निर्देशक सन्देश कुमार ठाकुरले जाली नोट र सक्कली नोटबीचको अन्तर, पहिचान गर्ने तरिका तथा सावधानीका उपायहरूबारे भिडियो सामग्रीसहित विस्तृत जानकारी दिएका थिए ।

सहायक निर्देशक ठाकुरले सहभागीलाई १ हजार र ५ सय दरका सक्कली नोट प्रत्यक्ष देखाउँदै तिनमा रहेका मुख्य भिन्नताहरू स्पष्ट पारे । उनले सक्कली नोटमा रहेको लालीगुराँसको स्पष्ट र गाढा रङ, सगरमाथाको तस्बिर विशेष किसिमले चम्किने, चाँदीजस्तो सुरक्षात्मक धागो भित्रैबाट जोडिएको, तथा देवीको तस्बिर उभिएको हुने जस्ता विशेषताहरू औँल्याए ।

जाली नोटमा भने रङ फिका हुने, सुरक्षात्मक धागो माथिबाट टाँसिएको देखिने, नोट छाम्दा हात चिप्लिने तथा गुणस्तर कमजोर हुने गरेको उनको भनाइ थियो । 'क्कली नोट भिजेको हातले छोए पनि नरम हुन्छ, कपडासँगै धोए पनि यसको कडापन रहिरहन्छ,' उनले भने ।

ठाकुरले जाली नोटलाई अर्थतन्त्रकै रोगको संज्ञा दिँदै यसको नियन्त्रणका लागि सबै नागरिकको सजगता आवश्यक रहेको बताए ।

'जाली नोट प्रायः सामान्य प्रिन्टिङ गरेर सोझासाझा र गरिब नागरिकलाई ठग्ने उद्देश्यले बजारमा ल्याइन्छ,' उनले भने, 'सचेत भएर हेर्ने हो भने यस्ता नोट सजिलै पहिचान गर्न सकिन्छ ।'

कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल राष्ट्र बैंक वीरगंज कार्यालयका निर्देशक सुशील पौडेलले पछिल्लो समय विभिन्न नाका तथा स्थानबाट जाली नोट फेला परिरहेको उल्लेख गर्दै नोटलाई छामेर, ढल्काएर र महसुस गरेर समेत सक्कली–नक्कली छुट्याउन सकिने बताए । जाली नोटको कारोबार बढ्दै गएकाले जनचेतना फैलाउने उद्देश्यले यस्ता वित्तीय साक्षरता कार्यक्रमहरू विभिन्न स्थानमा निरन्तर सञ्चालन गरिँदै आएको उनको भनाइ थियो ।

कार्यक्रमको अध्यक्षता गरेका नेपाल राष्ट्र बैंक कर्मचारी सङ्घ, वीरगंज समितिका अध्यक्ष राकेश कुमार शाहले जाली नोट फेला परेमा नजिकको प्रहरी कार्यालयमा बुझाउन आग्रह गरे । 'नियतवश नभई फेला परेको अवस्थामा कानूनले कुनै कारबाही गर्दैन,' उनले स्पष्ट पारे । साथै, कार्यक्रममा प्राप्त जानकारी घरपरिवार, छरछिमेक तथा समुदायमा फैलाउन सहभागीहरूलाई आग्रह गरे । जाली नोटका कारण सर्वसाधारण नागरिक ठगिन नदिन तथा आर्थिक प्रणालीलाई सुरक्षित राख्न यस्ता सचेतनामूलक कार्यक्रम प्रभावकारी हुने सहभागीहरूको प्रतिक्रिया थियो ।

# सिरहा ३ बाट श्रेष्ठबाट एकल सिफारिस



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सिरहा निर्वाचन क्षेत्र नम्बर ३ बाट नेकपा एमालेका केन्द्रीय सदस्य तथा मधेश प्रदेश इन्चार्जसमेत रहेका पूर्वकानूनमन्त्री लीलानाथ श्रेष्ठलाई एकल उम्मेदवारका रूपमा सिफारिस गरेको छ ।

शनिबार बसेको निर्वाचन क्षेत्रीय समन्वय समितिको बैठकले श्रेष्ठको नाम सर्वसम्मतरूपमा सिफारिस गरेको हो । श्रेष्ठ यसअघि २०७४ र २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा पनि सिरहा निर्वाचन क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका थिए ।



*जलेश्वर महादेव मन्दिरः साँझ लिइएको महोत्तरी जिल्ला जलेश्वर नगरपालिकास्थित प्रसिद्ध जलेश्वर महादेव मन्दिरको दृश्य । जल वा पानीयक्तु पोखरीमा रहेको देवता हुनाले यिनलाई जलेश्वर महादेव भनिएको हो । जलेश्वर महादवेको मन्दिर गुम्बज शैलीमा निर्मित छ भने आकर्षक बुर्जाहरू निकालिएका छन् । तस्बिरः रासस*






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन